# अध्याय-एक (CHAPTER - ONE)

## १. परिचय (Introduction)

### १.१ अध्ययनको पृष्ठभुमि (Background of the Study)

नेपाल एक सानो भौगोलिक साँस्कृतिक विविधता भएको देश हो । अनेकतामा एकताको रुपमा रहेको नेपाल आर्थिक रुपमा मन्दगतिमा लम्कीरहेको पाईन्छ । भौगोलिक अवस्थितिमा नेपाल २६°२२" देखि ३०°२७" उत्तरी अक्षांश र ८०°४" देखि ८८° १८" पूर्वी देशान्तर सम्म फैलिएको छ । नेपालको कुल क्षेत्रफल १४७१८१ वर्ग कि.मि. रहेकोमा हिमाली भाग ६७%, पहाडी भाग ४३.०१% र तराई भाग ५०.२७% छ । (२०६८ जनगणना अनुसार) ।

धर्तिलाई माता जननी भनि परापूर्वकाल देखि पुजिदै आएको नेपालमा महिला शक्तिको महिमा अनन्त छ । पौराणिक काल देखि मनाउदै आएको विभिन्न पुजाआजामा समेत शक्ति माताको स्थान अग्रणि रहेको कुरा सर्वविधितै छ । दुर्गा भवानी, सिता, तारा, भृकुटी झमक कुमारी घिमिरे नारी शक्तिका उदाहारण हुन । पौराणिक समयमा पनि नारी शक्तिको महिमा अनन्त रहेको कुरा विभिन्न बेद, पुराण, काव्य महाकाब्यमा समेत ज्ञात नै रहेको छ (पौडेल, २०६२) ।

आधुनिक नेपालको निर्माण पश्चात पनि नारी शक्तिको उपमा विभिन्न राजमाता धनकी देवि लक्ष्मी, विद्याकी देवी सरस्वती इत्यादि शब्द पनि महिला शक्तिका परिचित शब्द हुन । हाल महिला पनि समाज परिवर्तनको साधकको रुपमा चिनिन्छन । शक्तिको सृष्टिकर्ता महिला हो । भौगोलिक विविधताले भरिएको विभिन्न सामाजिक रहनसहन भेषभुषा र चालचलनले भरिपूर्ण यस देशमा जातजाति अनुसार नारीको स्थान र आदर आ-आफ्नै अनुरुप रहेको पाईन्छ । समयको गतिको फड्को सँग सँगै मानिसको असिमित मनोकांक्षाको कारण मानिसमा पनि भेदभाव गर्न थालियो । मानिसहरुलाई कुनै पनि कामको मुल्य निर्धारण गरिएको छैन । हाम्रो देशको पितृसतात्मक परिपाटिले महिला शक्तिको दुरुपयोग गरि शक्ति वालाले शक्ति नहुने माथि दमनात्मक क्रियाकलाप संचालन गर्न थाल्यो । यसरी लिङ्गभेद बढ्दै गई शक्तिमाताहरु शक्तिविहिन बन्ने क्रम जारी रह्यो ( उप्रेती, २०५३) ।

विकसित देशहरुमा महिला भेदभाव अति न्यून हुँदै गएको छ  तर अल्पविकसित देशमा भौगोलिक विकटता, आर्थिक र समाजिक क्रियाकलाप न्यून हुनाले शैक्षिक, राजनितिक र कानुनी रुपमा पछाडि रहेको पाइन्छ । यस्तो शैक्षिक, राजनैतिक  समाजिक, धार्मिक कानुनी र समानता जस्ता क्षेत्रमा विना संकोच रोकतोक तथा हिंशा विना आफ्नो अधिकार उपभोग गर्नुनै नारी सशक्तीकरण हो । यस्ता क्रियाकलाप अधिकार सम्बन्धि ज्ञान हुनु पनि आवश्यक छ । नेपालको जनगणना २०६८ अनुसार ५१.५०% महिला छन् । जसअनुसार पुरुषको तुलनामा महिलाको संख्या ७२६४२२ ले बढि छ  (CBS, 2014)।

पारस्परिक रुपमा महिलाहरु सामाजिक कार्यहरुमा भन्दा घरायसी काममानै बढि व्यस्त हुन्छन । शिक्षाको कमि संकुचित सामाजिक तथा सास्कृतिक परम्पराहरुले गर्दा सामाजिक उत्थानका गतिविधिमा पनि कम भाग लिन्छन्  (महिला बालवालिका तथा समाज कल्याण मन्त्रालय, २०६८) । विकसित देशहरुमा घरायसि कामहरु बैज्ञानिक तरिकाले अथवा महिला तथा पुरुष दुवै मिलि गर्ने गर्दछन् । तर विकासोन्मुख देशहरुमा घरायसि कामहरु खालि महिलाले मात्र गर्दछन्  (अधिकारी, २०६८) । विगतका गल्ती कमीकमजोरी केलाई भोलिका दिनमा महिला शक्तिलाई राष्ट्रिय र अन्तराष्ट्रिय मञ्चका सवै विभिन्न राजनैतिक तह र स्थानिय तहमा समेत आवाज बुलन्द गराउँदै लैजानु महिला सशक्तीकरण हो । महिलाले पाएको हक र अधिकारलाई राम्ररी उपयोग गर्नु    पर्छ । जाति र लिङ्ग विशेषलाई कोटा दिएर पुरा भएको मानिदैन (अधिकारी, २०६८) । सशक्तीकरण भन्ने शब्दावली प्रयोग पिछडिएको वर्गको उत्थान संग जोडिएको छ । पिछडिएको क्षेत्रमा पनि विकसित वा सुगममा जस्तै साधन अवसर पुगेमा पुरुष र महिला विच अन्योन्याश्रीत सम्बन्ध रहन्छ(सेडा नेपाल, २०६८) ।

सामान्यतया महिला सशक्तीकरण भन्नाले महिलाहरु राजनैतिक, आर्थिक, सामाजिक, सास्कृतिक, कानुनी, व्यक्तिगत तथा समूहगत, संस्थागत, शैक्षिक रोजागारी, स्वस्थ्य, जमिन, धन सम्पति आदि क्षेत्रहरुमा समानता र समता संरक्षण, महिला हिंसाको उन्मुलन, सर्वाङ्गिण विकास र स्वतन्त्रता जस्ता पक्षहरुको अनुभव दिलाउन सक्नु हो भन्ने बुझिन्छ । जसबाट महिलाको आफ्नो व्यक्तित्व विकास, निर्णय गर्न सक्ने क्षमताको विकास एवम् आत्मविकास सामाजिक प्रतिष्ठा ,शिक्षा र रोजगारीमा अग्रसरता, आय आर्जनमा अग्रसरता आफ्नो स्वास्थ्यको अधिकार आदि सेवा

सुबिधाको उपयोग गर्न पाएमा पक्कै पनि उनिहरुको सर्वाङ्गिण विकास हुन्छ । यसले देशको आर्थिक विकासमा टेवा पुग्ने कुरामा कुनै दुई मत छैन(राष्ट्रिय महिला आयोग, २०६६) ।

नेपालमा पनि महिला सशक्तीकरण लागि विभिन्न प्रयासहरु हुदै आईरहेको छन् । जसले गर्दा महिला विभेद र हिंसाको अन्त्य गरी तिनिहरुको अधिकारको संरक्षण र महिला सहभागिता वृद्धिगरी समानता र एकता कायम गर्नु साथै आय आर्जनमा अग्रसरता रहि जिवन स्तर सुधारमा बढुवा ल्याउनु महिला सशक्तीकरण हो । गा.वि.स संस्थागत राजनैतिक आर्थिक रुपमा भएका प्रयासहरुले महिलाको गुणात्मक क्षमता वृद्धिमा सहयोग पुऱ्याउन सक्छन् । यस्ता प्रयासले देशको आर्थिक विकासमा योगदान पुग्छ (राष्ट्रिय योजना आयोग, २०६७) ।

महिलाले पनि आर्थिक क्रियाकलाप गरेका हुन्छन् । तिनिहरुलाई आर्थिक गतिविधिमा गणना गरी सहि तरिकाले मुल्याङकन गर्न सकिएको छैन । सन् १९९७ मा नेपालमा कुल महिलाको ७% मात्र पारिश्रमिक प्राप्त रोजगारीमा समावेश थिए । ३०% अनौपचारीक गतिविधिमा आवद्ध थिए भने बाँकि ६३% महिलाको श्रमको कुनै मौद्रिक मुल्य थिएन (त्रि.वि.वि, १९९७) ।

नेपालमा महिलाको श्रमले उचित रुपमा बजार पाएको छैन । समाजको मुल्य मान्यता, सामाजिक बनावटले गर्दा नेपालमा महिलाले दैनिक औसत १० देखि १६ घण्टा काम गरेका छन् भने त्यसको तुलनामा पुरुषले ८ घण्टा मात्रै काम गर्छन् । कुल ग्राहस्थ उत्पादनमा उनिहरुले गर्ने श्रमको गणना शुन्य बरावर हुन्छ (संयूक्त राष्ट्र संघ, २००७) ।

यसरी महिला सशक्तीकरणले आर्थिक विकासमा पुऱ्याउने योगदान महत्वपूर्ण हुने भएता पनि यथार्थ महिला समुदायको स्थिति भने दयनिय र नाजुक रहेको छ । राज्य, समाज, घर परिवार, सामाजिक, राजनैतिक, शैक्षिक, सांस्कृतिक र स्वतन्त्रताका क्षेत्रमा वकालत र नेतृत्वयूक्त कार्य भए पनि व्यवहारिक रुपमा पछाडि परेको हुँदा विभिन्न निकायबाट सशक्तीकरण बनाउनमा प्रयास हुँदैछन् र हुनुपनि पर्दछ ।

## १.२ समस्याको कथन (Statement of the Problems)

नेपाली नारीलाई आलंकारीक सस्कृतका शब्दले कथनिका रुपमा पनि "नारी पुजनीय छन् र नारी शक्ति हुन" भन्ने दार्शनिक आभास दिएको छ । करनीमा भने तुलसीकृत राममायणमा "नारी ताडनका अधिकारी" भन्ने वाक्यलाई आत्मसात गरिएको छ । कथनी र करनी विचको यो द्वैध मानसिकतामा नै विभिन्न साहित्यहरु रचिएका छन् । पुस्तकहरु लेखिएका छन् र अनुसन्धानहरु भएका छन् । अनुसन्धानकै क्रममा करनी पक्षलाई अगाडि ल्याईएको छ । यस तर्फबाट हेर्दा महिलाहरुको दशा कस्तुरी मृग जस्तै देखिन्छ । महिलाहरुमा क्षमता छ तर पनि त्यसलाई पहिचान गर्न सक्ने सामर्थ छैन । पहिचान चिने पनि प्रयोग गर्ने आँट छैन । प्रयोग गरे पनि त्यसलाई तन, मन, धन लगाएर दिर्घकालिन समय दिने वानीको कमी छ । यस अर्थमा नेपाली महिला सशक्त छैन ? अशक्त छ ? । प्रमुख समस्या अर्थात तगारो सामाजिक रुढिवादले थिचिएका छन् । समाजमा महिलाहरुले नेतृत्व लिन खोजे पोथि वास्नु हुन्न भन्ने लोकज्ञानले मुकदर्शक बनेका छन् । सतित्वको जगेर्ना गर्नु पर्छ भन्ने सामाजिक मर्यादाले गर्दा पनि नारी कुन्ठित भएका छन् ।

महिलाहरु विहान उठेदेखि वेलुकी सुत्ने बेलासम्म काममा व्यस्त हुन्छन् । घर भित्रको काम र बाहिरको कृषि काममा साथै नोकरी जस्ता क्रियाकलापमा अहोरात्र खटिनु पर्छ । छोरी गर्भबाट पृथ्वीमा पर्दापण गरेदेखि बाट छुट्टै व्यवहार गर्ने । विडम्वना छोरी जन्मेपछि मृत्यु पश्चात गरिने व्यवहार र छोरा जन्मेपछि मृत्यू पश्चात गरिने व्यवहार पनि कति फरक छ । जस्तै छैठौं, पास्नी, शिक्षा, विवाह, प्रजनन क्रिया सवैमा विभेद । यस्ता व्यक्तिगत कुरामा विभेद हुँदा महिला कसरि उठेर समाज र आर्थिक विकासमा सकारात्मक हुन्छन् । विरामी परेको खण्डमा पुरुषको नै मुख ताक्नु पर्ने बाध्यता हुन्छ । हालको २१ औं शताब्दीमा पनि छोरीलाई धेरै पढाउन हुँदैन । छोरी पढाउँदा खर्च लाग्छ फेरी विवाह गरिदिँदा पनि खर्च लाग्छ । त्यसैले नपढाई नै विवाह गरिदिन पाए हुने थियो भन्ने सोचमा रहेका हुन्छन् । जसको फल स्वरुप मातृ मृत्यु दर र शिशु मृत्युदर उच्च रहेको छ ।

महिलाहरुले धर्म परम्परालाई निरन्तरता दिने क्रममा गलत संस्कारलाई पनि निरन्तरता दिँदै जादा पिडित भईरहनु परेको । असक्षमलाई सक्षम सरहका कार्यक्रमहरुमा सहभागि नगराउनु नै सामाजिक, सास्कृतिक र आर्थिक क्रियाकलापमा सवल हुन नसक्नु, आर्थिक रुपमा महिलाहरुलाई

सबल बनाउने योजनाका साथ संचालित कार्यक्रम पनि पुरुष केन्द्रित हुनु जस्ता समस्या नेपालका महिलाहरु माझ व्याप्त रहेको पाईन्छ ।

नेपालको जनसंख्यामा २०६८ को जनगणनाका आधारमा ५१.५% महिलाको संख्या छ । महिला र पुरुष भनेको एउटा प्रजनन् अंगमा मात्र भिन्नता हो । तर यहाँ जतिपनि कार्यविभाजनका भिन्नता छन् सबै पितृसतात्मक संस्कार, समाज र धर्मको नाममा धेरै क्रियाकलापमा भिन्नता देखाईन्छ । घर भित्र र घर बाहिरका क्रियाकलापमा अग्रसर हुनका लागि साहस दिने क्रियाकलाप कमि छन् । जसको फलस्वरुप महिला समानता र एकताका नाममा दन्किएका नारा, जुलुस, महिला सहभागीतात्मक क्रियाकलापहरु नारी मुक्तिका भएपनि एकल जंगलको रुवाई जस्तै हो । यसको वास्तविक लेखाजोखा नहुँदा समग्र अर्थतन्त्रमा असर पुग्न सक्छ । साथै यस अध्ययनमा अध्ययन क्षेत्र संग सम्वन्धित महिलाहरुसंग निम्न प्रश्नको उत्तर खोज्ने प्रयास गरिएको छ ।

क) अध्ययन क्षेत्रको महिलाको सामाजिक अवस्था कस्तो रहेको छ ?

ख) अध्ययन क्षेत्रको महिलाको आर्थिक अवस्था कस्तो रहेको छ ?

ग) अध्ययन क्षेत्रका महिला सशक्तिकरणले आर्थिक क्षेत्रमा कस्तो प्रभाव पारेको छ ?

घ) अध्ययन क्षेत्रका महिलाको पारिवारिक निर्णयमा कस्तो अवस्था छ ?

## १.३ अध्ययनको उदेश्यहरु (Obejectives of the Study)

यस अध्ययनका उद्देश्यहरु निम्नानुसार छन् :

क) महिलाहरुको सामाजिक अवस्थाको पहिचान गर्नु ।

ख) महिलाहरुको सशक्तीकरणले उनिहरुको आर्थिक विकासमा पुऱ्याएका योगदानको विश्लेषण गर्नु ।

ग) पारिवारिक निर्णय प्रकृयामा महिलाहरुको सहभागिता पत्ता लगाउनु ।

## १.४ अनुसन्धानात्मक प्रश्नहरु (Research Questions)

महिला सशक्तिकरणले उनिहरुको सामाजिक तथा आर्थिक विकासमा पुऱ्याएको योगदान विश्लेषण गर्ने उद्देश्यले तयार पारिएको अनुसन्धनात्मक प्रश्नहरु यस प्रकार रहेका छन्।

क) तपाई समाजका कुन कुन सामाजिक कार्यमा सम्मिलित हुनुहुन्छ ?

ख) सामाजिक कार्य गर्दा तपाईंलाई के के गरे अझ राम्रो सँग समाज सबल हुने थियो जस्तो लाग्छ ?

ग) पुरुष र महिला समान हुनमा कुन कुन कियाकलाप समान रुपले गरेदेखि समान हुने थिए जस्तो लाग्छ ?

घ) असक्षम महिलालाई सक्षम सरह बनाउन समाजमा कस्ता कियाकलाप गर्न सकिन्छ ?

ङ) पुरुष समान हुनलाई महिलाले समाजमा भोग्नु परेका समस्या के के होलान् ?

च) तपाईलाई महिला सशक्तीकरण बारे के थाहा छ ?

छ) आर्थिक रुपमा महिला सक्षम हुन कस्ता कस्ता कियाकलाप गर्नुपर्ला ?

ज) महिला सक्षम भए अर्थात सशक्तीकरण भए महिलालाई कस्ता फाईदा हुन्छन् ।

झ) महिला सशक्तीकरणका लागि कुन कुन व्यवस्था भए राम्रो हुने थियो होला ?

ञ) कुन कुन क्रियाकलापले तपाईलाई आफ्नो निर्णय गर्न सक्ने क्षमतालाई रोक लगाएको छ ?

ट) आफ्नो ईच्छा अनुसार के पेशा, व्यवसाय वा क्रियाकलाप गर्न के-के कुराले असर पुऱ्याएका छन् ?

ठ) के-के गर्दा निर्णय क्षमता स्वतन्त्र हुने थियो होला ?

ड) अध्ययन क्षेत्रमा महिला सशक्तीरणले आर्थिक क्षेत्रमा के-कस्तो प्रभाव परेको छ ?

## १.५ अध्ययनको महत्व (Significance of the Study)

आजको परिवेशमा महिला र पुरुष भनेका एक रथका दुई पाङग्रा हुन । यदि एउटा पाङग्रा विग्रियो भने त्यो रथ राम्रो संग अगाडि बढ्न सक्दैन । परिवारमा पनि पुरुष शिक्षित हुनु र महिला शिक्षित हुनुमा ठुलो अन्तर पर्दछ । महिला शिक्षित हुँदा परिवार, समाज र राष्ट्रकै लागि चौतर्फी रुपमा विकास हुन्छ । परिवार, छर-छिमेकमा महिला र पुरुष विच जति पनि सामाजिक क्रियाकलापहरु हुन्छन् ति सवैमा सर्बेसर्बा पुरुष नै भएको पाईन्छ । जनसंख्याको हिसावले आधा भन्दा बढि भाग महिलाले ढाकेको हुन्छ तर पनि पुरुषको तुलनामा महिलालाई सामाजिक, आर्थिक, शैक्षिक, राजनैतिक तथा कानुनी क्षेत्रमा सिमित अवसर र अधिकारका कारण सामाजिक प्रतिष्ठाको आधारमा तल्लो तहमा रहेको देखाईएको छ । झनै ग्रामिण महिलाहरु विविध समस्याहरु भित्रका कालारातहरु गुजारी रहेका छन् । उनिहरुको जिवन स्तर अलि माथि उठाउन महिलाका अधिकारलाई व्यवहारमा लागु गराउन अत्यन्त जरुरी छ । उनिहरुको जिवन स्तर उठाउनमा महिला हक अधिकार र सशक्तीकरण हुनु आवश्यक छ । किनकि महिला नै वालवालिकाको पहिलो शिक्षिका र समाजको जननी हुन । संविधानमा पनि महिलाका अधिकार र महिला उत्थान सम्बन्धि क्रियाकलाप साथै आर्थिक विकासका क्रियाकलाप ऐन नियममा लागु हुनु नितान्त आवश्यक हुन्छ । यसरी संविधानमा उल्लेख भएको महिला अधिकार र सशक्तीकरण विषयमा भएका योजना साथै प्रयासका विषयले उनिहरुले आर्थिक विकासमा कस्तो योगदान पुऱ्याउन सक्छन् भन्ने कुराको अध्ययन एउटा महत्वपूर्ण पाटो हुन आउछ ।

आर्थिक विकासमा महिला सशक्तीकरणले पुऱ्याएको प्रत्यक्ष तथा अप्रत्यक्ष सहयोगले अहिलेको सामाजिक तथा आर्थिक विकासमा आएको परिवर्तन विश्लेषण गर्न यो अध्ययन सहयोगि हुनेछ । साथै महिलाको चौतर्फी विकासमा चिन्तनसील व्यक्ति, संघसंस्था, सरकार, योजनाकार, कानुनविद तथा गैर-सरकारी संस्थाहरुलाई महिला सशक्तीकरण सम्बन्धि थप कार्यक्रम तथा क्रियाकलाप तर्जुमा गर्न उत्प्रेरीत गर्नेछ ।

## १.६ अध्ययनको सिमा (Dilimitation of the Study)

कुनै पनि क्षेत्रको अनुसन्धान कार्य एक जटिल र महत्वपुर्ण कार्य भएकोले यसमा धेरै श्रम समय समेट्न कठिन हुन्छ । त्यसकारण एउटा निश्चित क्षेत्रलाई किटान वा निर्धारण गर्नु पर्दछ । सिमित साधन स्रोत तथा समयले गर्दा निम्न लिखित सिमा भित्र रहेर अध्ययन गरिनेछ ।

क) यो अध्ययन चितवन जिल्लाको बछौली गा. वि. स. मा मात्र गरिने छ ।

ख) यस अध्ययनमा चितवन जिल्ला बछौली गा. वि. स. अन्तरगत वडा नं. ८ मा बसोबास गर्ने बिवाहित महिलालाई मात्र समेटिएको छ ।

ग) यस अध्ययन क्षेत्रका महिलाको सामाजिक आर्थिक अवस्था, महिला सशक्तीकरण र निर्णय प्रक्रियामा महिलाको अवस्था विषयमा केन्द्रित रहेको छ ।

घ) यस अध्ययनमा १०२ घरधुरीको १०२ जना विवाहित महिलाहरुलाई नमुनाको रुपमा लिइएको छ ।

ङ) १५-५९ वर्ष समुहका विवाहित महिलाहरुलाई नमुनाको रुपमा लिइएको छ ।

च) प्रत्येक घरबाट एक जना जेठी विवाहीत महिलालाई नमुनाको रुपमा प्रस्तुत समावेश गरिएको छ ।

महिला सशक्तीकरण भन्नाले महिलाहरुको चेतनाको परिवर्तनको साथै व्यवहारिक घरपरिवार, आर्थिक अवस्था, समाजमा परिवर्तन हुनु, स्रोत साधनमा पहुँच, नियन्त्रण, कानुनी चेतना, आर्थिक रुपमा सानो ठुलो व्यापार, व्यावसायमा भागिदार वा सक्षम असक्षम, निर्णय प्रक्रियामा सक्षम वा असक्षम परिवारबाट रोजगारमा वा पुरुषबाट बाहिरी कार्य गर्न स्वतन्त्र तथा बन्धन, शिक्षामा समान तथा असमान सबै कियाकलाप लाई सशक्तीकरण अध्ययनमा सिमीत गरिएको छ ।

यस अध्ययनमा सामाजिक रुपमा सशक्त महिला भन्नाले आर्थिक रुपमा सक्षम स्रोत साधनमा पहुँच भएका साना तथा ठुला वस्तु किनमेलमा संलग्नता निर्णय लिन सक्ने क्षमता

भएका पर्दछन् । घर भित्रका कार्यमा पनि निर्णय लिन  कठिन ,स्वविवेक अनुसार केहि गर्न नपाउने जस्ता  महिला समाजमा पछि परेका वर्ग अन्तरगत पर्दछन् ।

## १.७ मुख्य शब्दावलीको कार्यात्मक परिभाषा (Operational Definition of Key Terms)

**सशक्तिकरण** : सम्पूर्ण कुराले सवल, सक्षम, आत्मनिर्भर र निपूर्ण हुनु ।

**अन्तर्वार्ता** : खास-खास व्यक्ति विच हुने प्रश्न उत्तरको व्यवहार ।

**अवलोकन** : निरिक्षण गर्ने काम ।

**तथ्याङक** : यथार्थ अंक, गणना द्धारा निस्केको पूर्ण अंक ।

**मासिक स्राव** : महिनावारी ।

**विश्लेषण** : ज्ञानको तर्कपूर्ण फैलावट ।

**विगाह** : २० कठ्ठा वा साँढे तेह्र रोपनी बरावरको जग्गाको नापो वा एकाई ।

**कठ्ठा** : एक विगाहको नापोको विस भागको एक भाग ।

**गर्भपतन** : भ्रुण हत्या गराउने काम ।

**शोषण** : ढाँटी छली तर्साइ व्यक्तीगत रुपमा गरिने अनुचित लाभ

**लैङ्गिक विभेद** : महिला पुरुष विचमा हुने भेदभाव ।

**दाइजो** : दुलहीका माइतीले विवाहमा दुलहीलाई दिई पठाउने धनमाल ।

**पैतृक सम्पती** : पिता पुर्खाको सम्पती ।

**स्वविवेक** : आफ्नै बुद्धि ।

**गैर सरकारी संस्था** : सरकारी संस्था बाहेकका अन्य संघ संस्था ।

**सामाजिक विवेद** : सामाजिक रुपमा गरिने भेदभाव ।

## १.८ अध्ययनको संगठन (Organization of the Study)

चितवन जिल्लाको बछौली गा. वि. स. को महिला सशक्तिकरणले उनिहरुको सामाजिक तथा आर्थिक विकासमा पुऱ्याएको योगदान सम्बन्धि अध्ययनलाई ५ अध्यायमा विभाजित गरिएको छ । पहिलो अध्यायमा परिचय लाई राखिएको छ । यस शिर्षक अर्न्तगत अध्ययनको पृष्ठभुमि, समस्याको कथन, अध्ययनको अनुसन्धानात्मक प्रश्न, अध्ययनको उद्देश्य, महत्व, सिमा, Operational defination of the key Terms आदि रहेका छन् ।

दोस्रो अध्यायमा पुर्व साहित्यको समिक्षालाई राखिएको छ । यस शिर्षक अर्न्तगत सम्बन्धित साहित्यको पुनरावलोकन, पुर्व साहित्यको अध्ययन, साहित्यको पुनराववलोकनको अध्ययन, अवधारणागत ढाँचा अदि रहेका छन ।

तेस्रो अध्यायमा अनुसन्धान पद्धतिलाई राखिएको छ । यस शिर्षक अर्न्तगत अध्ययनको ढाँचा, तथ्याकको स्रोत, तथ्याक जनसंख्याको नमुना र नमुना छनौट रणनिति संकलन प्रकृया, तथ्यांक संकलनको साधन र तरिका ( प्रश्नावली, अन्तरवार्ता, अवलोकन) तथ्याकको विश्लेषण जस्ता उपशिर्षकहरु रहेका छन् ।

चौंथो अध्यायमा अध्ययन क्षेत्रको परिचय रहेको छ । यस शिर्षक अर्न्तगत चितवन जिल्लाको परिचय तथा बछौली गा.वि.स को भौगोलिक, सामाजिक, जनसांख्यिक, आर्थिक तथा शैक्षिक पक्षको छोटो परिचय दिईएको छ । साथै नतिजाको ब्याख्या र विश्लेषणको प्रस्तुतिकरण र सारांश प्रस्तुत गरिएको छ ।

पाचौं अध्यायमा निष्कर्ष र सुझावहरु अन्तरगत, निति, प्रयोगात्मक र आगामी अनुसन्धानसँग आधारित सुझावहरु समावेश गरिएको छ ।

अन्त्यमा सन्दर्भ सुची र अनुसुचिहरु राखिएको छ ।

# अध्याय-दुई (CHAPTER - TWO)

## २. सम्वन्धित साहित्यको पुनरावलोकन र अवधारणात्मक ढाँचा

## (Review of Related Literature and Conceptual Framework)

अनुसन्धान प्रस्तावनाको यस अध्यायमा अनुसन्धान विषयसंग सम्बन्धित विभिन्न प्रकाशित अप्रकाशित लेख रचना तथा साहित्यहरुको पुनरावलोकन गरिएको छ ।

### २.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन (Review of the Theoritical Literature)

सशक्तीकरण शब्द पनि शक्ति शब्द बाट नै आएको हो । महिलाले आफ्नो व्यक्तिगत तथा पारिवारिक उन्नति र विकासमा स्वतन्त्र रुपमा निर्णय लिन सक्ने र त्यसको प्राप्तीको लागि आफ्नो नियन्त्रणमा राखि पहल गर्न सक्ने क्षमता हो । सशक्तिकरणले असमानताको अवस्थामा दबिएका महिलाहरुको अन्धविश्वास, कुसंस्कार धार्मिक विस्वासमा जगडिएका क्षेत्रका महिलाको नियन्त्रण गर्ने भन्ने बुझिन्छ ।

पौडेल (२०६७) का अनुसार अवधारणगत रुपमा माथिको नियन्त्रण भन्नाले मानिसका धार्मिक, सामाजिक, सास्कृतिक विश्वास मुल्य मान्यता कार्यकुशलता र सोचाई माथि नियन्त्रण भन्ने बुझिन्छ । जसको हातमा शक्ति हुन्छ उसैले भौतिक, आर्थिक र बौद्धिक स्रोत साधनको साथै मानिसको व्यक्तिगत र सार्वजनिक परिचालन गर्न व्यक्तिले आफूले चाहेको वा ईच्छा गरे अनुसार निर्णय गर्न सक्छ ।

पाठक (२०५९) का अनुसार महिलाको स्रोत साधनहरुमा पहुँच भए पनि नियन्त्रण, निर्णय गर्ने शक्ति छैन वा एक स्टेप कम मात्रमा छ । जमिन, वनजंगल, चल सम्पत्ति, आफ्नो, शरिर, मेहनतमा आफ्नो हैकम चल्दैन । त्यसकारण आफ्नो सोचाई स्रोत साधनमाथि नियन्त्रण पाउनु पनि शक्ति प्राप्त गर्नु हो ।

बराल (२०५९) का अनुसार सशक्तीकरण शब्द पनि शक्ति शब्द बाट आएको हो । महिलाहरुले वैयक्तिक तथा पारिवारिक उन्नती र विकासमा विभिन्न स्वतन्त्र रुपमा निर्णय लिन

सक्ने र त्यसको प्राप्तिको लागि बस्तुस्थितिलाई आफ्नो नियन्त्रणमा राख्न पहल गर्न सक्ने क्षमतालाई शक्तिको रुपमा लिइन्छ । सशक्तीकरणले असमानताको रुपमा रहेका, दविएका, किनारमा परिएका समूहलाई समानताको अवस्थामा मद्दत गर्दछ ।

दङ्गाल (२०६७) का अनुसार मानवअधिकार मानिस भएको नाताले प्राप्त हुने अधिकार हो । मानव भएको वा जन्मिएको आधारमा प्राप्त हुने अधिकार मानव सिद्ध हुन्छ । मानवताले पृथ्वीमा सर्वप्रथम पाईला टेकेपछि मानवका रुपमा सम्मानित जिवन जिउनका लागि जे जस्ता अधिकार आवश्यक पर्दछ ति क्रियाकलप नै वास्तबमा मानव अधिकार हुन् । यति मात्र हैन कि मानव सुरक्षित र स्वास्थ्य रुपमा जन्मन पाउनु पनि मानव अधिकार भित्र नै पर्दछ । मानव भएर जन्म लिईसकेपछी कुनै धर्म, जाति, लिङ्ग, राजनिति, सामाजिक, धार्मिक, सास्कृतिक वा आर्थिक पक्षमा भेदभाव रहित हुनुपर्दछ । यस्ता मुल्य मान्यतालाई आत्मसाथ गर्दै मानवको अस्तित्वको सम्मानको रक्षाको लागि १० डिसेम्बर १९४७ मा सयूक्त राष्ट्रसंघ बाट मानव अधिकारको विश्वव्यापी घोषणा पत्र जारी गरियो ।

दङ्गाल (२०६७) का अनुसार मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को धारा २ ले घोषणा पत्रमा उल्लेखित अधिकार कुनै पनि व्यक्तिले विना भेदभाव प्रयोग गर्नेछन् भनि उल्लेख छ । त्यसै गरी धारा ७ मा कानुनको नजरमा समान संरक्षणको भागिदार रहन्छन् । सार संक्षेपमा कुनै पनि मानिस मानवअधिकार प्राप्ति र उपयोग गर्ने क्रममा लिङ्ग, जात वा यस्तै प्रकारका कुनै पनि आधारमा देखिएका असमान व्यवहार वा भेदभाव गर्न पाईनेछैन भनि स्पष्ट व्याख्या गरिएको छ ।

## २.२ पुर्व साहित्यको समिक्षा (Review of Empirical Literature\Previous Studies)

Kersberg (1992) का अनुसार सशक्तीकरण शब्द सन् १९८० को दशकयता धेरै प्रचलित हुँदै आएको छ । यसलाई प्रमुख रुपमा अगाडि बढाउन संघर्षरत महिलाहरुले यसलाई अगाडी बढाउन ठुलो प्रयास गरेका छन् । समाजमा विभिन्न कुंसस्कार ग्रसित महिलाहरुलाई यो अवस्थाबाट मुक्ति दिलाउने उद्देश्यले सशक्तीकरण शब्दको प्रयोग भएको देखिन्छ । महिला सशक्तीकरण भित्र महिलाका लागि हिन भावनाहरु हटाउने र त्यस्ता हिन भावना जन्माउने

व्यक्ति, समुदाय, परिवार प्रति अभिमुखिकरण गर्नु वा परिवर्तन गर्ने विभिन्न संघसंस्थाहरु प्रति समावेश गराउने अर्थात मन्द मौन रहेको अबस्थाबाट बुलन्द आवाज निकाल्ने प्रकृया पनि सशक्तीकरण हो ।

Bennelt (1993) का अनुसार विभिन्न ज्ञाताहरुले आ-आफ्नै किसिमले सशक्तिकरणको व्याख्या गरेका छन् । कसैले अफुलाई बसमा वा अधिनमा राख्नुलाई सशक्तीकरण भनेका छन् त कसैले आवश्यकता पुरा गर्ने क्षमतालाई सशक्तीकरण भनेका छन् । जसको कारण बाट व्यक्तिको आलोचनात्मक वा तर्क गर्ने शक्ति अथवा क्षमाताको विकास हुन्छ ।

(Chaudhary, 1994) का अनुसार सशक्तीकरण भनेको कसैमाथि आफ्नो शक्तिको प्रयोग गर्नु होईन, बरु आत्मशक्ति वृद्धि गर्नु हो । (Niraula, 1997) का अनुसार सशक्तीकरण भनेको क्षमता नभएकालाई सहयोग गर्ने धारणा होइन, बरु उनिहरुलाई आफ्नो अधिकार र कर्तव्य बोध गराउनु र विभिन्न कार्यक्रममा सहभागिता बढाउनु हो । (Poudel , 2062) का अनुसार सशक्तीकरण भनेको निर्णय लिनु परिवर्तनका लागि काम गर्ने वातावरण तयार गर्नु लिङ्गीय समानता कायम गर्नु महिला सक्षम हुनु नै सशक्तीकरण हो ।

समाजका रथका दुई पाङग्रा पुरुष र महिला तुलनात्मक रुपमा महिला पुरुष भन्दा धेरै गुणा पछाडि पिडित रुपमा रहेको पाईन्छ । महिला र पुरुषको समान सहभागिता विना परिवार, समाज र राष्ट्रको विकास हुँदैन । एक रथका दुई पाङग्रा मध्ये एक कमजोर भएपछि कार्य सजिलै रुपमा पछाडि पर्दछ । महिला पछाडि पर्दा समाज कुनै पनि प्रयासमा अगाडि बढ्न सक्दैन । आधा धर्तिका मालिक महिलाहरु प्रति जहिले पनि असमान व्यवहार भएको छ । जतिसुकै प्रयासहरु र लिखित दस्तावेज अगाडि बढेको आवाज सुनेपनि व्यवहारिक रुपमा खासै परिवर्तन भने भएको पाईदैन । महिलाहरु प्रति गरिने यस्ता व्यवहारले मानव अधिकारको विश्वव्यापि घोषणा पत्रले प्रदान गरेको नागरीक, आर्थिक, राजनितिक, सामाजिक, सास्कृतिक अधिकार प्राप्तिमा अवरोध सृजना गर्दछ । जसको प्रत्यक्ष असरका रुपमा परिवार, समाज र राष्ट्र विकासको बाटोमा पाईला चाल्नमा अवरोध सृजना गरेको छ । महिला प्रतिका यस्तै अवरोध रोक्न वा अन्त्य गर्न संयूक्त राष्ट्र संघले सन् १९७९ डिसेम्वर १२ मा महिला विरुद्ध हुने सबै भेदभाव उन्मुलन गर्ने विषयक अधिसन्धि (Convention of the Elimination of all of Discrimination Against) तयार गरियो ।

बराल (२०६७) का अनुसार नेपालले सन् १९९१ अप्रिल २२ मा अभिसन्धिमा हस्ताक्षर गरी आफ्नो प्रतिवद्धता जनाईसकेको छ । यसको कार्यान्वयन पक्ष एकदमै निराशाजनक छ । आफुले जनाएका अन्तरराष्ट्रिय दस्तावेजका आधारमा समय समयमा देशको वास्तविक मानवअधिकार तथ्याङक पठाउने जस्ता क्रियाकलाप हुन सकेको छैन । सरकारले अन्धो तरिकाले अन्तराष्ट्रिय मानव अधिकार सम्वन्धि दस्तावेजमा आफ्नो प्रतिवद्धता जनाँउछ तर कार्यान्वयन पक्ष सधैं निदाईरहेको छ ।

कानुन किताब व्यवस्था समिति (२०६३) का अनुसार सबै अधिकार कार्यान्वयन हुन, महिला अधिकारहरु पनि सुरक्षित हुनु हो । नेपालको अन्तरिम संविधान २०६३ ले लैङ्गिक समानता र महिला सशक्तीकरणको पक्षमा सविंधानमा भएका विशेष धारा २० मा महिलाको मौलिक हक, समानताको प्रत्याभुति र सकारात्मक प्रावधान तिन वटा शिर्षकमा समावेश गरेको छ । त्यस्तै धारा ३३ मा लैङ्गिक भेदभावको अन्त्य एंव महिलाको समानुपातिक सहभागिताको सुनिश्चतता गर्नु राज्यको दायित्व मानिएको छ । धारा ३४ मा लैङ्गिक रुपमा आर्थिक शोषण हुन नपाउने व्यवस्थालाई राज्यका निर्देशक सिद्धान्तमा लिईएको छ । धारा ३५ मा सामान्य एवं विशेष अवस्थाका महिलालाई लक्षित गरी सहभागिता सकारात्मक विभेद सामाजिक सुरक्षाको व्यवस्था गर्ने निति राज्यले लिएको छ ।

आचार्य (१९८१) का अनुसार नेपाली पुरुषको तुलनामा महिलाको आर्थिक क्रियाकलाप अनुपात कम उल्लेख भएको पाईन्छ । अझ विकसित देशमा भन्दा विकासोन्मुख देशमा महिलाको आर्थिक अवस्था कमजोर छ । जनसंख्या अधिक छ, हाम्रो जस्तो देशमा बाल मजदुर र वृद्धहरु पनि मजदुरी गर्न पर्नुले ठुलो विकाराल समस्या आईरहेको छ ।

UNDP (1995) का अनुसार घर परिवार व्यवस्थापन, बाल वच्चा वृद्धको हेरचाह, खाना बनाउने, सरसफाई खेतवारीको काममा धेरै समय खट्न पर्ने हुन्छ । यस्ता प्रमुख कार्यलाई कुल ग्राहास्थ उत्पादन गणनाको पद्धितिमा समेटिएको छैन । कुनै पनि ठाउँ वा निकाय यो क्रियाकलाप भएकै हुन्छन् तर यि क्रियाकलापलाई मानव पुन उत्पादनमा उपयोग हुने थियो भने मौद्रिक अर्थतन्त्रले ठुलो फड्को मार्ने थियो । यि क्रियाकलाप मौद्रिकरण गर्ने हो भने अर्बै बराबर हुन आउँथ्यो ।

आचार्य (१९८१) का अनुसार घर परिवार चाहे धनि हुन वा गरिब घरेलु कार्यक्रमको जिम्मा महिलाहरु उपर नै हुन्छन् । कृषि, घर भित्र, घर वाहिर गरी औषत रुपमा महिलाले दैनिक १० देखि १६ घण्टा र पुरुषले ८ घण्टा मात्र काम गर्छन् । यसरी पुरुषले अत्यन्त थोरै समय मात्र घरको काम दिने गर्दछन् ।

राष्ट्रिय महिला आयोगको विधेयक (२०५९) का अनुसार महिलाकै नैसर्गिक, मौलिक हक हितको संरक्षण संवर्द्धन गरी महिला सशक्तिकरण, लैङ्गिक, समानता, सामाजिक न्याय र शक्ति कायम गरी देश विकासको मुल प्रवाहमा महिला सहभागिता वृद्धि गर्नको लागि निरेपक्ष स्वतन्त्र राष्ट्रिय आयोगको स्थापना गर्न वान्छनिय भएकोले यो येन प्रस्तुत गरिएको छ ।

खनाल (२०६६) का अनुसार मुलुकमा विद्यमान केहि प्रविधिहरु, नियम वा भनाईहरु सकारात्मक छन् । जहाँ साक्षरता दर बढाउनु पर्छ, नारीले शिक्षा पाएपछि परिवार, समाज, राष्ट्रको चौतर्फि रुपमा आर्थिक, सामाजिक, व्यवसाय, नेतृत्व विकास आदी क्षमता विकास नारीमा हुँदा महिला सशक्तिकरणको पाटो आफै सुधार भएको व्यवहारिक रुपमा देख्न  सकिन्छ । कुन ठाँउमा विरोध गर्ने, कुन ठाँउमा मिलाउने, कुन ठाँउमा समायोजित हुने, यो सामर्थ्यको उपयोग र विकासको लागि सकारात्मक योगदान पुऱ्याईरहेका छन् ।

१९९४ को जनसंख्या र विकास सम्बन्धि कायरोमा भएको सम्मेलन मा महिला सशक्तीकरण विकासको एक हिस्सा हो भन्ने कुरामा सहमति भएको थियो । १९९५ को बेईजिङ्ग सम्मेलनको आधारमा महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धीको कार्यान्वयन गर्ने सिलसिलामा राष्ट्रिय कार्ययोजना २०६१ कार्यान्वयनमा ल्याईएको थियो । साथै यस बेईजिङ्ग सम्मेलनमा १२ मुख्य मुद्धाहरु  Draft, platform for action critical areas of concern i.e. Poverty, Education, Health, Violence, Armid conflict, Economic disparity, Power Sharing, Institution, Human Rights, Mass Media, Environment, Girl Child ......... मा पुनर्विचार र छलफल भई बेईजिङ्ग सम्मेलनमा भाग लिने सदस्य राष्ट्रहरुले अनुमोदन गरी हस्ताक्षर पनि गरीसकेको छ । साथै महिलाको समानताका लागि कानुन तर्जुमा, विभेदयुक्त कानुनको संशोधन, सार्वजनिक प्रशासनमा महिला सहभागिता अभिवृद्धि आदि सम्बन्धि कार्यनिति रहेको छ ।

राष्ट्रिय महिला आयोग (२०६६) का अनुसार नेपालले एशिया तथा प्रशान्त क्षेत्रमा महिला उत्थानका लागि जकार्ता घोषणाको नितिहरु जस्तै :

- शक्ति संरचना र निर्णय कार्यमा सबै तहमा महिलाको पूर्ण र समान सहभागिता प्रवर्द्धन गर्ने तत्वहरुको संवर्द्धन गर्ने ।
- संगठित तथा असंगठित संस्थाहरुको केन्द्रविन्दु व्यवहार तथा मान्यताहरुलाई आवश्यकता परेको ठाँउमा पुर्नदिशा दिने ।
- बढि मानविय तथा शान्तिपूर्ण समाजको निमित्त पुरुष र महिलाहरुको सँगसँगै काम गर्न प्रोत्साहित गर्ने प्रस्तावमा जनाईएको छ । संयूक्त राष्ट्र संघले पनि महिला पुरुषको तुलनामा धेरै कदम पछाडि छ भन्ने जानकारी विश्वले पनि बुझिसकेको छ । यसरी आफ्नो देशको विकाशको लागि महिला सशक्तीकरण हुनुपर्छ ।

पौडेल (२०६७) का अनुसार महिलाहरुको आर्थिक अवस्था सुधारोन्मुख छ भनेर जति व्याख्या विश्लेषण गरे पनि खासै तथ्याङकिय रुपमा यथेष्ट प्रमाण उपलब्ध छैनन् । उनिहरु काममा व्यस्त रहेपनि घरेलु काममा मात्र तल्लीन भएको पाईन्छ । यसलाई आर्थिक क्रियाकलापका रुपमा गणना गर्न जरुरी छ ।

राई (२०६८) का अनुसार महिलाहरुले कडा परिश्रम गरेर जतिपनि काम घरमा गर्दछन्, उनिहरुको वुद्धि, विवेक, क्षमता दक्षताको प्रयोग गर्न सकेको खण्डमा पूर्ण विकास सम्भव हुन्छ तर कार्यको लेखाजोखा रकममा भईरहेको सन्र्दभमा महिलाले २४ घण्टामा १२ घण्टा घरमा काम गरेको मुल्याङकन राष्ट्रिय रुपमा हुन सकेको छैन ।

शर्मा (२०६२) का अनुसार नेपाली महिला सदियौंदेखि विभिन्न प्रकारका हिंसा तथा  भेदभाव बाट पिडित र सामाजिक, आर्थिक एवंम राजनितिक अधिकारबाट बन्चित हुँदै आएका छन् । यस क्रममा केहि समयपछि महिला सशक्तीकरण प्रयासले तुलानात्मक रुपमा केहि उपलब्धि हाँसिल भएका छन् । यु.एन. वुमनको यो प्रतिवेदनले नेपाल महिला अधिकारको क्षेत्रमा नितिगत रुपमा सकारात्मक परिवर्तन ल्याउन सफल विश्वकै एक उदाहरणिय मुलुक रहेको बताएको छ ।

राष्ट्रिय योजना आयोग, २०६७) का अनुसार नेपालमा योजनावद्ध विकास २०१३ साल देखि सुरु भएता पनि छैटौं पञ्च वर्षिय योजनामा आएपछि मात्र महिला सशक्तिकरणलाई पनि समेटिएको पाईन्छ । आगामी त्रिवर्षिय योजना (२०६८/२०६९ २०६९/२०७०) को आधार पत्रमा पनि महिला सशक्तीकरण सम्बन्धि व्यवस्था गरेको पाईन्छ । उक्त योजनाको उद्देश्य सवै वर्ग र क्षेत्रका महिलाहरुको सामाजिक, आर्थिक तथा राजनितिक सशक्तीकरण गर्दै दिगो शान्ति एंव विकासमा महिलाहरुको भुमिकालाई सशक्त बनाउने र महिलाको विरुद्धका विभिन्न प्रकारका लैङ्गिकतामा आधारित हिंसा एवं विभेदको अन्त्य गर्ने रहेको छ ।

राष्ट्रिय योजना आयोग (२०७०/०७२) का अनुसार महिलाहरुलाई पनि पुरुष सरह अधिकार प्रत्यायोजन गर्ने उद्देश्यको साथ शिक्षा, स्वास्थ्य, निजामति, राजनिति जस्ता क्षेत्रमा पनि सवै तह र विधाको शिक्षामा पहुँच विस्तार गर्ने र शैक्षिक पद्दतीलाई समावेशी र समतामुलक बनाउँदै लैजाने उद्देश्यले सवै क्षेत्रमा निर्देशित गरेको छ । महिला सशक्तीकरणलई सवल र सक्षम बनाउने लक्ष्यका साथ छैठौं योजना, सातौं योजना, आठौं योजना, नवौं योजना, दशौं योजना, त्रिवर्षिय योजना साथै तेहौं योजना (२०७०।०७३) महिलाको लागि निरन्तर रुपमा सशक्तीकरणका अभ्यास अर्थात प्रयासहरु निरन्तर जारी गर्दै आएको पाईन्छ ।

यसरी महिला अधिकारप्रति बढ्दो सचेतना सबैधानिक कानुनी, संस्थागत तहमा भएका पहलहरु, लैङ्गिक वजेट प्रणालीको कार्यान्वयन, महिला अधिकारका क्षेत्रमा कार्यरत संस्थाहरुको संस्थागत र गुणात्मक क्षमतामा भएको वृद्धिले आगामि दिनमा यस क्षेत्रको विकासका लागि प्रयाप्त संभावनाहरु प्रस्तुत गरेका छन् ।

## २.३ अध्ययनका लागि पुर्व अध्ययनको प्रयोग (Implication of the Review for the Studies)

समग्रमा हेर्दा वा साहित्य संरचनालाई अवलोकन गर्दा समयको परिवर्तन संगै अर्थात महिला अधिकार प्रति बढ्दो सचेतना, सबै संबैधानिक कानुनी व्यवस्था, विभिन्न संघ संस्थाले गर्दा महिलाहरुको गुणात्मक र परिणात्मक क्षमतामा पनि परिवर्तन आएको पाउन सकिन्छ । सरकारी निकाय, परिवार, समाजमा पनि विस्तारै पाहिला सार्दै गएको साहित्य संरचना वा ज्ञानका रिपोटहरुले देखाएको र व्यवहारिक रुपमा पनि परिवर्तन आएको पाउन सकिन्छ । सम्पतिको


अधिकार, परिवारमा निर्णय क्षमता, साना तथा ठुला सरसमान किनमेल, कानुनी चेतना, घरेलु उद्योग, साधन र स्रोतको उपयोग जस्ता विषयमा सुधारोन्मुख तर्फ फर्किएको अर्थात सुधार तर्फ सम्भावना रहेको देखाउँछ ।

## २.४ अनुसन्धान अन्तर (Research Gap)

यस अध्ययनमा साहित्यको पुनरावलोकन पश्चात र यस अध्ययन विचमा अनुसन्धान अन्तर यस प्रकार रहेको छ । साहित्यको पुनरावलोकन साधारण नमुना छनोट विधिबाट तथ्याङ्क संकलन गरी विश्लेषण गरिएको थियो । जसबाट सहि तथ्याङ्क नआएको पनि हुन सक्छ । तर यस अध्ययनमा अनुसन्धानकर्ता आफैं अध्ययन क्षेत्रमा उपस्थित भई विवाहीत महिलाहरुसँग प्रश्नावली र अवलोकन निर्देशिका अवलम्बन गरी तथ्याङ्क लिइएको छ । यस अधयनमा सशक्तिकरणका सुचकहरु आम्दानी, खर्च, वचत आदि जस्ता विषयहरुको विश्लेषण गरिएको छ । त्यसैले साहित्यको पुनरावलोकन भन्दा यो अध्ययन बढी सत्य र वास्तविकतामा आधारित छ भन्ने कुरामा विश्वास राख्दछु ।

## २.५ अवधारणात्मक ढाँचा (Conceptual Frame Work )


यस अध्ययन पूर्व गरिएका विभिन्न अनुसन्धानहरु बाट प्राप्त हुन आएका निष्कर्षहरुको पुनरावलोकनको आधारमा महिला सशक्तीकरण लाई प्रभावित पार्ने सम्भावित जिम्मेवार कारक तत्वहरुको पहिचान हुन गई एक धारणात्मक कार्य ढाँचाको विकास भई सकेको छ । जसलाई निम्न तरीकाबाट प्रस्ट्याउने प्रयत्न गरिएको छ ।




स्रोत :- डा. उप्रेती, अरुणा (२०६८) महिलाशक्ति RHEST संस्था,

माथि उल्लेखित तह वा निकायमा महिला आफ्नो स्थानबाट सशक्त रुपमा अगाडि बढ्नमा उल्लेखित निकायहरु साना देखि ठुलो निकाय सम्म एउटा तगारोका रुपमा बाधक बनेका छन् । समग्र स्टेपहरुमा बालवालिका देखि लिएर राष्ट्रिय स्तर सम्म स्वतन्त्र रुपमा पुरुष सरहका अधिकारमा समानता हुनु आवश्यक देखिन्छ । सानो निकाय बाट समस्या सुधार हुँदै मथिल्लो निकायमा पुग्नु अनिवार्य हुन अँउछ ।

**समाजमा महिलालाई सशक्तीकरण रुपमा अगाडि बढ्नमा आएका अवरोध निम्न प्रकार छन् ।**





माथि उल्लेखित बुँदाहरु महिलालाई सशक्त बनाउनलाई अवरोध गर्ने पक्षहरुले हाम्रो समाजमा ठुलो जरो गाडेको छ । यो प्रभावित पक्षहरुको सुधार गर्न सकेको खण्डमा महिला आफ्नो यथा स्थानबाट स्वत रुपमा सुधार हुँदै आउछ । यसरी महिला सशक्त भएपछि निम्न परिवर्तन आउने गर्दछन् (राष्ट्रिय योजना आयोग, २०७०-०७३) ।

- घर परिवारको संरचनामा सुधार ।
- स्वविवेकको निर्णय ।
- सम्पतिमा समान अधिकार
- कानुनी चेतनमा वृद्धि
- मानविय स्रोत र साधनमा वृद्धि
- समान व्यवहार
- समानुपातिक सुधार
- स्रोत र साधनको सहि सदुपयोग


- महिलाको नेतृत्व क्षमतामा वृद्धि
- श्रमको उचित मुल्याङकन

- साना ठुला किनमेलमा सक्षम
- रोजगारीको क्षमातामा वृद्धि



## २.६ कार्यात्मक ढाँचा (Functional Frame Work)

यस अध्ययनलाई पुरा गर्न निम्नानुसारको कार्यात्मक ढाँचा तयार पारिएको छ ।




महिला सशक्तीकरण पनि चलि रहने एक गतिशिल प्रकृया हो । सशक्तिकरणले महिला र पुरुष विचको सम्बन्धलाई परिवर्तन गर्न सक्ने क्षमतालाई दिनानुदिन वृद्धि गर्दै जान्छ । महिलाहरु जति सशक्त भयो तर्क वितर्क नेतृत्व गर्ने क्रियाकलापमा प्रकृयागत रुपमा अगाडि बढ्ने जस्तो क्रियाकलापमा लाग्न सहयोग पुग्छ । जो शक्तिहिन छ उसले शक्ति सम्पन्न बाट शक्ति प्राप्त गर्नु सशक्तीकरण हो । जुन सम्बन्ध मानविय मुल्य मान्यता र स्रोत साधन विच नै सम्बन्ध रहेको छ (अरुण उप्रेती, २०७०) ।

महिला सशक्तीकरणले महिलाहरुको चेतनामा परिवर्तनको साथै घर परिवार र समाजमा परिवर्तन सहर्ष आउने गर्छ । स्रोत र साधनलाई सामुहिक नेतृत्वका साथ सहभागी हुन नयाँ विकासको दिशा तर्फ लाग्नु हो । समुहमा सहभागि भएर सामुहिक शक्तिको विकास पनि गर्नु पर्छ (चितवन, २०६८) ।

नेपाली समाजमा प्रचलित सामाजिक, सांस्कृतिक चलन, रुढिवादी, परम्परा, परिवार, धर्म, कानुन आदिले महिला र पुरुषको काम तथा उत्तरदायित्व तोकिएको छ । सामाजिक वन्धन विच सिमित भएर पनि महिलामा प्रयाप्त मात्रामा कमि कमजोरी देखिएका हुन् । समाजको कार्यशैलिले महिला लाई क्षमता वा नेतृत्व प्रदान गर्न सक्ने क्षमताबाट कुन्ठित गराएको छ (UNICEF, 2012)।

महिला विकास तथा सशक्तीकरण पक्षमा भएका हाल सम्मको उल्लेखनिय कार्यहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

- देह व्यापार निरुत्साहित गर्ने व्यवस्था ।
- स्वतन्त्र महिला आयोगको व्यवस्था ।
- गर्भ पतन सम्बन्धि कानुनि व्यवस्था ।
- पैतृक सम्पतिको हक सम्बन्धी व्यवस्था ।
- संविधानमा मौलिक हकका रुपमा महिलाको हकलाई स्थापित गरिनु ।
- अशक्त महिलालाई सशक्त बनउन बजेट व्यवस्था, नितिगत व्यवस्था, संस्थागत संरचनाले पनि महिलालाई सबल बनाउन धरै धेरै प्रयत्न गरेको छ ।
- महिलाको लागि छुट्टै व्यवस्था गरिनु ।
- हरेक मन्त्रालयमा जेण्डर फोकल व्यवस्था गरिनु ।
- नेतृत्व विकास कार्यक्रम बढ्नु ।
- महिलाका लागि आयआर्जनका क्रियाकलापमा वृद्धि ।
- मन्त्रालय स्तरमा समानुपातिक विकासका प्रयास हुनु ।
- महिला विकास सम्बन्धि छुट्टै कार्ययोजना, महिला हिंसा विरुद्ध राष्ट्रिय कार्ययोजना रहेका छन् ।
- निजामतिका लागि पनि छुट्टै कोटा छुट्टयाउने ।
- महिला तथा पिछडिएका वर्ग र क्षेत्रका लागि सकारात्मक विभेदको व्यवस्था गरिनु ।

# अध्याय- तिन (CHAPTER - THREE)

## ३. अनुन्धान विधि र प्रक्रिया (Methods and Procedures of the Research)

यस अध्यायमा अनुसन्धान कसरी गर्ने कस्ता विधि प्रयोग गर्ने, खोजिनिति कस्ता प्रकृया र विधिद्धारा लिने भन्ने विषयमा यस शिर्षकमा वर्णन गरिन्छ । जसमा अनुसन्धान ढाँचा, तथ्याङ्कका स्रोत, नमुना छनौट विधि, तथ्याङ्क संकलन प्रकृया, तथ्याङ्क प्रस्तुतिकरण विश्लेषकलाइ नै मुलत अनुसन्धान विधिको रुपमा लिईएको छ ।

### ३.१ अध्ययन ढाँचा (Research Desigin)

यो अध्ययन व्याख्यात्मक तथा विश्लेषणात्मक ढाँचामा आधारित छ । यो अध्ययन चितवन जिल्ला बछ्यौली गा.वि.स. वडा नं. ८ मा रहेका विवाहित महिलाहरुमध्येबाट महिला सशक्तिकरणले उनीहरुको आर्थिक, सामाजिक अवस्थामा के कस्तो प्रभाव पारेको छ भन्ने कुरा उल्लेख गरिएको छ । यस अध्ययनको लागि आवश्यक पर्ने तथ्याङ्कहरुमा प्राथमिक तथ्याङ्कको लागि अध्ययनकर्ता अनुसन्धान क्षेत्रमा आफैं सहभागिता भइ प्रश्नावली, अन्तर्वार्ता र अवलोकनको माध्यमबाट तथ्याङ्क प्राप्त गरिएको हो भने सहायक तथ्याङ्कको लागि बछ्यौली गा.वि.स.को कार्यालय, महिला विकास, राष्ट्रिय महिला आयोग, विभिन्न पत्रपत्रिका, प्रकाशित पुस्तक आदिबाट तथ्याङ्क संकलन गरिएको छ । यसरी प्राप्त भएको तथ्यांकलाई तालिका, चित्रमा प्रस्तुत गरी व्याख्या र विश्लेषण गरिएको छ । यस अध्ययनमा गुणात्मक तथा परिमाणात्मक पद्धति अपनाइएको छ ।

### ३.२ तथ्याङ्कको स्रोतहरु (Sources of Data)

यस अध्यायनलाई पुर्णता दिनका लागि प्राथमिक र सहायक तथ्याङ्कको प्रयोग गरिएको छ ।

#### ३.२.१ प्राथमिक तथ्याङ्क (Primary Data)

प्राथमिक तथ्याङ्क संकलनका लागि अध्ययन क्षेत्रका विवाहित महिलाहरुलाई छनोट गरिएको छ ।

### ३.२.२ सहायक तथ्याङ्क (Secondary Data)

सहायक तथ्याङ्क संकलनको लागि गा.वि.स. को कार्यालय बछौली, महिला विकास जि.वि.स., राष्ट्रिय महिला आयोग, पुस्तक, पत्रपत्रिका, महिला वालवालिका, विभिन्न सहयोगि पत्रपत्रिका, प्रकाशित पुस्तक र महिला सशक्तिकरणका बारेमा गरेका अनुसन्धानहरुको सहयोग लिएको छ ।

### ३.३ जनसंख्या नमुना आकार र नमुना छनौट रणनिति (Population Sample Size and Sampling Strategy)

यस अध्ययनको लगि जनसंख्या र नमुना छनौट रणनितिको बारेमा तल उल्लेख गरिएको छ ।

### ३.३.१ जनसंख्या (Population)

यो अध्ययनमा चितवन जिल्ला वछौली गा.वि.स. अर्न्तगत वडा नं. ८ मा रहेको सम्पूर्ण विवाहित महिलाहरुलाई कुल जनसंख्याको रुपमा लिइएको छ । गा.वि.स. प्रोफाईल अनुसार जम्मा २५४ घर धुरी रहेका छन् ।

### ३.३.२ नमुना आकार (Sample Size)

बछ्यौली गा.वि.स. वडा नं. ८ मा रहेका जम्मा २५४ घरधुरीमध्ये उद्देश्यमूलक नमुना छनोट विधि अनुसार १०२ घरधुरी नमुना छनोटको आकार रहेको छ । जुन कुल घरधुरीको ४०.१५ प्रतिशत हुन आउँछ ।

### ३.३.३ नमुना छनौट रणनिति (Sample Selection Strategy)

- चितवन जिल्ला बछ्यौली गा.वि. स. वडा नं. ८ मा हालसम्म महिला शसक्तिकरण सम्बन्धि कुनै अनुसन्धान नभएको र अनुसन्धानकर्तालाई तथ्याङ्क संकलन गर्न सहज र सजिलो हुने भएकाले उक्त क्षेत्रलाई छनोट गरिएको हो ।

- २०५४ घरधुरीमध्ये सामान्य सम्भावनायुक्त नमुना छनोट विधि अन्तर्गत शिक्षाप्रथाद्वारा १०२ घरधुरी छनोट गरिएको छ ।
- १०२ घरधुरीका १८-५९ वर्षभित्रका जेष्ठ विवाहित महिलालाई उद्देश्यमूलक नमूना छनोट विधिको आधारमा १०२ विवाहित महिलालाई छनोट गरिएको छ ।

## ३.४ अध्ययनको क्षेत्र (Study Area)

यस अध्ययनको क्षेत्र नेपालको मध्यमाञ्चल विकास क्षेत्र अन्तर्गत नारायणि अञ्चलको चितवन जिल्ला बछौली गा.वि.स वडा नं. ८ रहेको छ ।

## ३.५ तथ्याङ्क संकलन प्रकृया (Data Collection Procedures)

यस अध्ययन कार्य सम्पन्न गर्न अनुसन्धानकर्ता आफैं अध्ययन क्षेत्रमा गई प्राथमिक र सहायक स्रोतहरु, विभिन्न पत्रपत्रिकामा प्रकाशित लेखरचनाहरु, बुलेटिन, प्रकाशित तथा अप्रकाशित पुस्तकहरु, सरकारी तथा गैह्सरकारी संस्थाबाट प्रकाशित पुस्तक, नयाँ तथ्याङ्कमा आधारित प्रश्नावली तथा अन्तरवार्ता जस्ता विधिको प्रयोग गरिएको छ ।

## ३.६ तथ्याङक संकलनका साधनहरु (Tools of Data Collection)

यस अध्ययनको लागि प्रयोग गरिएका तथ्याङक संकलनका साधनहरुको बारेमा तल वर्णन गरिएको छ ।

### ३.६.१ प्रश्नावली (Questionnaire)

यस अध्ययनका तथ्याङ्कहरु संकलनको लागि नमुना छनौटमा लिइएका महिलाहरुको लागी प्रश्नावली निर्माण गरिएको छ । उक्त पश्नावली वितरण गर्दा गर्न जान्नेलाई एक एक प्रति उपलब्ध गराईएको छ र गर्न नजान्नेलाई अध्ययन कर्ता आफैं उपस्थित भएर प्रश्नावली भराईएको छ । महिलाहरुको लागि तयार गरिएको प्रश्न महिलाको सामाजिक, आर्थिक अवस्था निर्णय प्रकृयामा उनिहरुको भुमिका र उनिहरु कति सक्षम छन भन्ने कुरा पत्ता लगाउने प्रयोग गरीएको थियो । उक्त प्रश्नावलीलाई अनुसुचि १ मा राखिएको छ ।

### ३.६.२ अवलोकन निर्देशिका (Observation Guide)

यस अध्ययनको तथ्याङ्कहरु संकलन गर्नको लागि महिलाहरुको आर्थिक, सामाजिक, निर्णय क्षमता जस्ता विषयलाई अवलोकन निर्देशिकाको रुपमा प्रयोग गरी अनुसन्धान कर्ता आफैँ उपस्थित भई विवाहित महिलाहरुको वारेमा अवलोकन गरिएको छ।

## ३.७ तथ्याङ्क संकलनका तरिकाहरु (Techniques of Data Collection)

यस अध्ययन पुरा गर्नको लागि आवश्यक पर्ने तथ्याङ्क संकलन गर्नको लागि निम्नलिखित तरिकाहरु अपनाईएको छ :

### ३.७.१ अन्तरवार्ता (Interview)

तथ्याङ्क संकलन गर्ने क्रममा नमुना छनौटमा परेका महिलाहरुलाई अन्तरवार्तामा आर्थिक, राजनैतिक, शैक्षिक रुपमा सक्षम भएमा समाजमा कस्ता कस्ता सकारात्मक प्रभावहरु पर्दछन् र नहुँदा समाजमा कस्तो खालको प्रभाव पर्दछ। त्यस विषयमा पनि अन्तरक्रिया गरियो। सकारात्मक भुमिका अनुसुचि २ मा राखिएको छ।

### ३.७.२ प्रत्यक्ष अवलोकन ( Direct Observation)

अध्ययनको क्रममा अनुसन्धानकर्ता आफैँ उपस्थित भई महिलाहरुको आर्थिक अवस्था, राजनैतिक विकास, स्वतन्त्रता, घर भित्रको सानो निर्णय देखि सामाजिक निर्णयहरुमा सहभागीता र शिक्षा स्वास्थ्य आदिको अवस्थाको वारेमा अवलोकन गरिएको थियो।

## ३.८ तथ्याङकको विश्लेषण र व्याख्याको प्रकृयाहरु (Data Analysis and Interpretation Procedure )

यस अध्ययनको उद्देश्य परिपुर्ति गर्नको लागि र संकलित तथ्याङ्क लाई सुव्यवस्थीत तरिकाले प्रस्तुत गर्नको लागि तथ्याङ्कका सामान्य विधिहरु प्रयोग गरी प्रतिशत, औषत निकाल्ने, तालिकिकरण गर्ने कार्य गरिएको छ। यसरी प्राप्त भएका प्रतिशत, औषतलाई तालिका तथा वृत्तचित्रको सहायताले तथ्याङ्कको विश्लेषण गरी निकर्ष निकालिएको छ।

# अध्याय-चार (CHAPTER - FOUR)

## ४. नतिजाको व्याख्या र विश्लेषण (Analysis and Interpretation of Result)

यस अध्यायमा विभिन्न स्रोतबाट संकलित तथ्याङकहरुलाई उद्देश्यअनुसार चार्ट, तालिका आदीमा देखाई विषय वस्तुलाई विश्लेषण र व्याख्या गरिएको छ । महिलाहरुको लागि सामाजिक र आर्थिक अवस्था सुधारका लागि थुप्रै कार्यक्रमहरु संचालन भईरहेका छन् । सरकारी गैह्सरकारी निकायबाट महिलाका निम्ती विभिन्न प्रयासहरु भइरहेका छन् । महिलाका लागि गरिएका जति पनि कार्यक्रम छन ति क्रियाकलापले महिलाको सामाजिक, आर्थिक तथा राजनैतिक अवस्थामा सुधार गर्दै चेतनामा समेत वृद्धि गरेको पाईन्छ । जसको परिणाम स्वरुप महिला सशक्तीकरणमा मद्दत पुग्दछ र उनिहरुको आर्थिक विकासमा पनि मद्दत पुग्दछ ।

### ४.१ चितवन जिल्लाको परिचय (Introduction of Chitawan District)

यस जिल्ला नेपाल अधिराज्यको पाँच विकास क्षेत्र मध्ये मध्यमाञ्चल विकास क्षेत्रको दक्षिणी भागमा अवस्थित राजमार्गको संगमस्थलको रुपमा रहेको तथा नारायणि नदिको पुर्वि तथा दक्षिणी भागमा अवस्थित भित्रि मधेस र राप्ती उपत्यकाको नामले परिचत जिल्ला हो । यस जिल्ला ८३° ५५" देखि ८४° ४८" उत्तरी अक्षांश र २७° २१" देखि २७° ४६" पुर्वि देशान्तर सम्म फैलिएको छ । २२१८ वर्ग किलोमिटर क्षेत्रफल रहेको यस जिल्लाको महाभारत पहाडि (चुरे) क्षेत्रले १०% र उपत्यका मैदान भागले ५०% भुभाग ओगटेको छ । यस जिल्लको पुर्वमा मकवानपुर र पर्सा जिल्ला, पश्चिममा नवलपरासि र तनहुँ जिल्ला उत्तरमा गोरखा र धादिङ्ग जिल्ला र दक्षिणमा भारतको विहार र उतर प्रदेश रहेको छ । यस जिल्लामा ५ वटा निर्वाचन क्षेत्र, ३६ वटा गा.वि.स. र ३ वटा नगरपालिका रहेका छन् । २०६८ सालको जनगणना अनुसार साक्षरता ७५.२% रहेको छ । यस जिल्लामा विभिन्न जात जातिका धर्म संस्कृतिका मानिसहरु वसोवास गर्दछन् । यस जिल्लाको कुल जनसंख्याको १३% थारु जाति बसोवास गर्दछन् । जनताको असिमित आवश्यकता, माग र आकांक्षालाई सिमित स्रोत साधनले पुरा गर्नुपर्ने वाध्यताका कारण विकासको गति अझै यस जिल्लामा प्रयाप्त हुन सकेको छैन । देशको अन्य जिल्लाको तुलनामा सडक, यातायात, संञ्चार, विद्युत, स्वास्थ्य, शिक्षा जस्ता क्षेत्रहरुमा चितवन अगाडि नै भएको देखिन्छ । कृषि, पर्यटन तथा

उद्योग यस जिल्लाको विकासको प्रमुख क्षेत्र हुन् । यस जिल्लाको अधिकांश भुभाग मैदानी भएता पनि केहि अति नै विकट पहाडि क्षेत्र पनि पर्दछन् । अन्य जिल्ला बाट बसाई सराई गरी आएका अधिकांश मानिसहरु भएता पनि विकासको क्रममा पिछडिएका आदिवासी, चेपाङ्ग, थारु, माझि, दराई, कुमाल, जातिहरु पनि प्रशस्तै रहेका छन् । यस जिल्लामा समशितोष्ण र उष्ण खालको हावापानी पाईन्छ । यहाँ अधिकतम वार्षिक तापक्रम ४२.५ डिग्री सेल्सियस र न्यूनतम तपक्रम ३ डिग्री सेल्सियस रहेको पाईन्छ । यो जिल्ला समुन्द्र सतहदेखि १४४ मिटर देखि १९४७ मि. सम्मको उचाई मा रहेको छ (गा.वि.स. प्रोफाइल, २०६८) ।

## ४.२ वछौली गा.वि.स. को परिचय (Introduction of Bachhauli V.D.C.)

आदिवासी थारु जातिले आफ्नो भाषामा बछुली भनेको हाम्रो र पछि त्यही क्षेत्रमा गाँउ बसेकाले बछुली भन्दै जाँदा यसको नाम बछौली हुन गएको हो भन्ने भनाई पाईन्छ । यस गा.वि.स. को वडा नं. ६ गाँउको नाम बछौली हो । यस वछौली गाँउको नामले नै गा.वि.स. को नाम वछौली रहन गएको हो ।

चितवन जिल्लाको पूर्वि चितवनमा पर्ने यस वछौली गा.वि.स. भरतपुर सदरमुकामबाट ११ कि.मि. दक्षिणमा पर्छ । नेपालको तेस्रो पर्यटकिय गन्तव्य सौराह र नेपालको पहिलो चितवन राष्ट्रिय निकुञ्जको प्रवेशद्धार यसै गा.वि.स. मा पर्दछ । नेपालकै एक मात्र हात्ति प्रजनन् केन्द्र र हात्ति सफारी गरी विश्वकै दुर्लव एक सिङ्गे गैंडा र पाटे बाघ र वन्यजन्तुहरुको अवलोकन गर्न पाईने भएकाले गर्दा यस गा.वि.स. विश्वमानै प्रख्यात भएको छ । हरेक वर्ष यस गा.वि.स मा अन्तराष्ट्रिय हात्ति दौड प्रतियोगिता र फुड फेस्टिवल हुने गरेको छ भने गा.वि.स. मा झण्डै १०० भन्दा बढि  पर्यटकिय होटलहरु र ३० भन्दा बढि रेष्टुरेन्टहरु सञ्चालनमा छन् । यहाँबाट देशको विभिन्न भागमा जानको लागि पर्यटकिय बसहरु सञ्चालन भईरहेका छन् ।

यस गा.वि.स.मा ९०% मानिसहरु कृषि पेशा गर्दछन् । यस क्षेत्रमा ५०% जाति स्थानिय आदिवासी, थारु, दराई, मुसहर, बसोवास गर्दछन् भने अन्यमा अन्य जिल्लाबाट बसाई सराई गरी आएका ब्राम्हण, क्षेत्री, नेवार, तमाङ्ग, कामि, दमै आदि जातिहरु बसोवास गर्दछन् (गा.वि.स. प्रोफाइल, २०६८) ।

### ४.२.१ भौगोलिक अवस्था (Geographical Condition)

यो गा.वि.स. पूर्व पश्चिम फैलिएर लामो आकारमा रहेको छ । यसको उत्तर वुढि राप्ति नदी र दक्षिणमा ठुलो राप्ति नदि र चितवन राष्ट्रिय निकुञ्ज साथै ढुङ्गे खोला र पश्चिम खगडी खोलाले घेरिएको छ । यसले क्षेत्रफल करीव ३५०० विगाह क्षेत्रफल ओगटेको छ । ७०% भुभागमा सिंचाईको व्यवस्था छ । यस गा.वि.स को पुर्व सिमानामा कुमरोज र खैरहनी गा.वि.स., पश्चिममा खगडी खोला र वरण्डाभार जंगल, उतरमा रत्ननगर नगरपालिका, खैरहनी नगरपालिका र वुढि राप्ति खोला र दक्षिणमा राष्ट्रिय निकुञ्ज ठुलो राप्ति नदि र ढुङ्गे खोला कुमरोज गा.वि.स. पर्दछन् ( गा.वि.स. प्रोफाइल, २०६८) ।

### ४.२.२ सामाजिक, सांस्कृतिक तथा शैक्षिक अवस्था (Social Cultural and Educational Condition)

यस गा.वि.स. का अधिकांस वासिन्दा चौधरी छन् । यिनिहरु आफ्नै किसिमको मातृ भाषा बोल्नुका साथै नेपाली भाषा पनि वोल्ने गर्छन् । अरु ब्रामहण, क्षेत्री पनि वसोवास गर्छन् । यिनिहरु नेपाली भाषा बोल्छन् । यहाँका अधिकांश वासिन्दा हिन्दु धर्म मान्छन् । यहाँका महिलाहरुले प्रायः साडि, चोलो, कुर्ता सलवार लगाउने गर्छन् भने विशेष रुपमा पुरुषहरुले धोति, सर्ट पाईन्ट, लगाउछन् । यहाँका मानिसहरुले दशैं, तिहार, तिज, होली, माघेसक्रन्ति आदि प्रमुख चाड मान्दछन् । यस गा.वि.स. का मानिसको प्रमुख पेशा कृषि रहेको पाईन्छ । यस वाहेक पशुपालन र व्यापारमा पनि संलग्न छन् । केहि नोकरीमा पनि संलग्न छन् ।

यहाँका अधिकांश मानिसहरु सौराह होटलमा ज्यालादारी गर्दछन् । वर्तमान समयमा विभिन्न संस्थाहरुले तरकारी खेती, सरसफाई सम्बन्धि तालिम दिएका छन् । सौराहा पर्यटकिय क्षेत्रले गर्दा यहाँका मानिसलाई रोजगार प्राप्त भएकाले आर्थिक रुपमा सहयोग पुगेको छ । शिक्षाको आवश्यकता साकार पार्न २ वटा उ.मा.वि., १ मा.वि. र ३ वटा प्रा.वि रहेका छन् । वर्तमान समयमा अधिकांश मानिसहरुले आफ्ना छोराछोरीहरुलाई विद्यालय पढाउने गरेको पाईन्छ (गा.वि.स. प्रोफाईल, २०६८) ।

**तालिका ४.०**

**बछौली गा.वि.स को शैक्षिक अवस्था**

| वडा नं. | स्नाकोत्तर उतिर्ण | स्नातक उतिर्ण | प्रमाण पत्र उतिर्ण | एस.एल.सि. उतिर्ण |
|---|---|---|---|---|
| १ | ७ | १२ | २० | ३० |
| २ | ३ | १० | १९ | ३५ |
| ३ | २ | ८ | १२ | ३८ |
| ४ | ४ | १२ | २२ | ३८ |
| ५ | १ | ५ | ७ | २९ |
| ६ | २ | ७ | ११ | २२ |
| ७ | ० | २ | ७ | ११ |
| ८ | ४ | ७ | १२ | १५ |
| ९ | ० | ० | ५ | ८ |

स्रोत : (जि.वि.स. प्रोफाईल २०७१) ।

## ४.२.३ जनसंख्या र घरधुरीको अवस्था

| वडा नं. | घरधुरी संख्या | जनसंख्या | | जम्मा |
|---|---|---|---|---|
| | | महिला | पुरुष | |
| १ | १३४ | ३६० | ३२७ | ६८७ |
| २ | २७० | ५३९ | ६५९ | ११९८ |
| ३ | ४५० | १०६४ | १०५२ | २१२२ |
| ४ | १९५ | ४७४ | ४२५ | ८९९ |
| ५ | १६४ | ३९ | ३९६ | ७९० |
| ६ | ३५५ | ८४२ | ८०२ | १६४४ |
| ७ | १४१ | ३८१ | ३५७ | ७३२ |
| ८ | २५४ | ६२२ | ५९४ | १२१६ |
| ९ | ३५२ | ८४४ | ७३९ | १५८६ |
| जम्मा | २३२१ | ५५१८ | ५३८७ | १०९०५ |

स्रोत : (राष्ट्यि जनगणना २०६८ अनुसार)

## ४.३ नमुना छनोट घरपरिवारको जनसांख्यिकीय अवस्था (Demographic Condition of Sampled Family Size)

बछ्यौली गा.वि.स. अन्तर्गत वडा नं. ८ मा रहेका २५४ घरधुरीका १०२ विवाहित महिलाको जनसंख्याको अवस्थाको अध्ययन गरिएको थियो । जसबाट प्राप्त नतिजालाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

### ४.३.१ उमेरगत जनसंख्या (Age Wise Population)

सुचना संकलनको क्रम्मा विभिन्न उमेरका महिलाहरुसंग अन्तरवार्ता लिईएको थियो । यसरी नमुनामा परेका महिलाहरुको उमेर यस प्रकार रहेको छ ।

**तालिका ४.१**

**नमुना छनौटमा परेका महिलाहरुको उमेरगत विवरण**

| उमेर समूह | महिला संख्या | प्रतिशत |
|---|---|---|
| १५ - ३० | ३२ | ३१ |
| ३० - ४५ | ५५ | ५४ |
| ४५ भन्दा माथि | १५ | १५ |
| जम्मा | १०२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१ ।

नमुना छनौटमा लिईएका महिलाहरु मध्ये उमेरगत आधारमा १५ - ३० वर्ष भित्रमा ३१% ३०- ४५ वर्ष भित्रका ५४% र ४५ वर्ष माथिका १५% रहेका छन् । अन्तरवार्तामा सम्भव भएसम्म विवाहित महिलालाई लिईएको छ ।

### ४.३.२ पेशाको आधारमा जनसंख्या (Population Distribution by Occupation)

मानिसहरु आफ्नो आम्दानी तथा जिविकोपार्जनको लागि एउटा न एउटा रोजगारी वा पेशामा समावेश भएका हुन्छन् । कृषि, उद्योग, व्यापार वा अन्य कुनै न कुनै व्यवसाय नगरी आफ्नो दैनिक

गुजरा चलाउन सक्दैनन् । वाँच्न र दैनिक गुजरा चलाउन सानोतिनो काम गर्नु अनिवार्य हुन्छ । यस्तो विभिन्न पेशामा आवद्ध महिलाहरुलाई तलको तालिका अनुसार देखाईएको छ ।

**तालिका ४.२**


**नमुना छनौटमा परेका महिलाहरुको पेशागत विवरण**

| क.सं. | पेशा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | नोकरी (सरकारी) | २४ | २३.५ |
| २ | व्यापार | २६ | २५.५ |
| ३ | कृषि | ३५ | ३४.३ |
| ४ | अन्य | १७ | १६.७ |
| | जम्मा | १०२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७१

माथिको तालिकामा देखाईएका अनुसार छनौटमा परेका महिलाहरु मध्ये सबै भन्दा वढि कृषि पेशामा अवद्ध भएको पाईयो । सबै भन्दा कम महिला अन्य पेशागत रुपमा नतोकिएको पेशामा आवद्ध भएको पाईयो । तालिका अनुसार आफ्नो भैपरी आउने समस्यालाई टार्नको लागि बढि कृषि व्यवसाय, धान, मकै, फापर, गहुँ, जस्ता खेती गरेको पाईयो । यसरी उत्पादित बस्तुहरु विक्रि गरेको देख्न सकिन्छ । जसलाई वृतचित्रमा तल देखाईएको छ ।

चित्र नं. ४.१




स्रोत :- तालिका ४.२, २०७१

### ४.३.३ परिवारको किसिम (Types of Family)

महिलाहरुको परिवार कुन किसिमको छ भन्ने बारेमा जानकारी लिनको लागि प्रश्नावली तयार गरिएको थियो ।

**तालिका ४.३**

**नमुना छनौटमा परेका महिलाहरुको परिवार किसिम**

| क.सं | समूह परिवार | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | एकल परिवार | ४८ | ४७% |
| २ | संयूक्त परिवार | ५४ | ५३% |
| जम्मा | | १०२ | १००% |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१ ।

तालिकामा उल्लेख भए अनुसार महिलाको उत्तर अनुसार एकल परिवार ४७% र संयुक्त परिवार ५३% छ । यस ठाँउमा चौधरीहरुको वस्ति व्यापक भएको हुँदा संयुक्त परिवारमा वस्ने संख्या वढि पाईयो ।

### ४.३.४ अध्ययन क्षेत्रमा खानेपानी श्रोतको विवरण (Details of Water Source on Study Area)

नमुना छनौटमा परेका महिलाहरुको घर परिवारका लागि खानेपानीको अवस्था लाई तालिकामा निम्नानुसार प्रस्तुत गरिएको छ ।

**तालिका ४.४**

**अध्ययन क्षेत्रमा खानेपानी स्रोतको विवरण**

| क.सं | खानेपानीको स्रोत | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | टयुवेल धारा | ६४ | ६३% |
| २ | मोटर लगाएको धारा | ३८ | ३७% |
| जम्म | | १०२ | १००% |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१ ।

यस तालिका अनुसार ६३% महिला ट्युवेल धाराको पानी खाने गर्दछन ।

### ४.३.५ महिला सशक्तिकरणका सुचकहरु (Indicator of Women Empowerment)

महिला सशक्तिकरणले महिलाहरुको चेतना, घर परिवारमा परिवर्तन आउनुको साथै आफ्नै दैनिक दिनचर्या र व्यवहारमा पनि परिवर्तन आएको हुन्छ । जसले गर्दा महिलामा नेतृत्वको भावना विकास हुनुको साथै सामाजिक कार्यमा सक्रियता वा सहभागि हुने, राजनैतिक प्रतिनिधित्व गर्ने, घरायसि निर्णय लिने आदि जस्ता क्रियाकलापमा समावेश हुन सहज हुन्छ । अध्ययन क्षेत्रका महिला सशक्तिकरणका सुचकहरुलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका ४.५**

**अध्ययन क्षेत्रका महिला सशक्तिकरणका सुचकहरु**

| क. सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | आर्थिक | ३० | २९.४१ |
| २. | उपभोक्ता समितिमा प्रतिनिधित्व | २२ | २१.५६ |
| ३. | राजनैतिक प्रतिनिधित्व | १५ | १४.७० |
| ४. | घरायसि निर्णय | १८ | १७.६४ |
| ५. | घरजग्गाको स्वामित्व | १७ | १६.६६ |
| | **जम्मा** | **१०२** | **१००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१ ।

माथिको तालिकाको विश्लेषण गर्दा महिला सशक्तिकरणका सुचकहरु मध्ये आर्थिक सुचाङ्क राम्रो भएको देखिन्छ भने अरु सुचाङ्कहरु सन्तोष जनक पाइन्छ ।

### ४.३.६ छोराछोरी प्रतिको धारणा (Concept Towards Children)

नमुना छनोटमा परेका महिलाहरुको छोरा र छोरीप्रतिको धारणा एवम् चाहना कस्तो छ भनी सोधिएको थियो । यसको विवरण निम्नानुसार रहेको छ :

**तालिका ४.६**

**छोराछोरी प्रतिको धारणा**

| क.सं | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | छोरा | ३८ | ३७% |
| २ | छोरी | १९ | १९% |
| ३ | दुवै | ४५ | ४४% |
| | जम्मा | १०२ | १००% |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१ ।

माथिको तालिका अनुसार ३७ प्रतिशत महिलाहरुले समाज, परिवार र आफ्नै उत्तराधिकारीको लागि पनि छोरा नभई नहुने धारणा राखेको पाईयो भने १९ प्रतिशतले छोरी मात्र भए पनि हुन्छ भनेको पाईयो । तर छोरा नहुँदा ६-७ जना सम्म छोरी जन्माएको पाईयो । ४४ प्रतिशत महिलाले छोरा छोरी दुवै सृष्टिको निरन्तरताको लागि र स्वयमको चाहनाले पनि दुवै समान भएको भन्ने पाईयो ।

### ४.३.७ महिलाहरुको शिक्षाको अवस्था (Education Status of Women)

महिलाहरुले घर परिवार तथा समाजको विकासमा महत्वपूर्ण भुमिका खेलेका हुन्छन् । त्यसमा पनि शिक्षित महिलाहरुको भुमिका झनै महत्वपूर्ण हुन्छ । एउटा भनाई रहेको छ “परिवारमा एउटा महिला शिक्षित भएमा सम्पूर्ण परिवार नै शिक्षित हुन्छ ।” त्यसैले अध्ययनको क्रममा उत्तरदाता महिलाहरुले शिक्षाको स्थितिको वारेमा पनि जानकारी दिईएको छ । एउटा सदस्यको प्रभाव परिवारमा पर्दछ भने परिवारको प्रभाव छिमेक समाजमा पर्न जान्छ ।

### तालिका ४.७

### अध्ययन क्षेत्रका महिलाहरुको शैक्षिक अवस्थाको विवरण

| क्र.सं | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | साक्षर | ५८ | ५७% |
| २ | एस.एल.सि. | ३८ | ३७% |
| ३ | आई.ए. वा माथि | ६ | ६% |
| ४ | जम्मा | १०२ | १००% |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१

माथिको तालिकाको आधारमा हेर्दा ५७% महिलाहरु साक्षर ३७% महिलाहरु एस.एल.सि. पास गरेका र ६% महिलाहरु प्रमाणपत्र तह अध्ययन गरेको पाईन्छ । यस तालिका अनुसार महिला आफ्नो सहि गर्न साक्षर भएको पाईयो । उच्च शिक्षा अध्ययन गर्ने महिलाको संख्या भने कम नै रहेका छन् ।

### ४.३.८ दाईजो प्रथा सम्बन्धी धारणा (Concept Towards Dowry System)

सर्वेक्षणमा परेका महिलाहरुलाई दाईजो दिनु ठिक छ कि छैन भनेर प्रश्न राख्दा निम्नानुसार पाईयो ।

### तालिका ४.८

### उत्तरदाता महिलाहरुको दाईजो प्रथा प्रतिको धारणा

| क्र.सं | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ठिक | ६२ | ६१% |
| २ | बेठिक | ४० | ३९% |
| ३ | जम्मा | १०२ | १००% |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१

माथिको तालिकाको अधारमा हेर्दा ६१% दाईजो विरोधि रहेको पाईयो । उनिहरुका अनुसार धन सम्पति हुने व्यक्तिले छोरीलाई दाईजो दिंदा सम्पति नहुनेको छारीलाई हेलाको दृष्टिले हेर्ने,

घरमा मानसिक पिडा खेप्नु पर्ने जस्ता कुराहरु राखेको पाईयो भने ३९% महिलाले चेतनाको कमिको कारण छोरीलाई दाइजो दिंदा परिवार खुशि पार्न सकिन्छ। छोरीलाई घर खान सजिलो हुन्छ भन्ने कुरामा जोड दिएको पाईयो ।

### ४.३.९ घरायसी कामकाजमा पुरुषले गर्ने सहयोगको अवस्था (Condition of Proveded by Male on Domestic Work)

महिलाको कामको अनुपात भन्दा पुरुषको कामको अनुपात कम रहेको पाउन सकिन्छ। विहान उठ्ने समय देखि वेलुका सुत्ने समय सम्मको अवलोकन गर्दा महिला घरायसी काम र खेतिवारीको काममा नै व्यस्त रहेको पाईन्छ।

**तालिका ४.९**

**घरायसी काममा पुरुषको सहयोगको विवरण**

| क.सं | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पाँउछु | २५ | २४.५०% |
| २ | पाँउदिन | ४५ | ४४.१०% |
| ३ | अलिअलि पाँउछु | ३२ | ३१.४०% |
| ४ | जम्मा | १०२ | १००% |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१ ।

मथिको तालिकामा देखाइए अनुसार खाना बनाउने, घर सफा गर्ने, भाँडा माझ्ने, लुगा धुने, वच्चालाई स्कुल पठाउने, पाहुनाको स्वागत गर्ने, पानी बोक्ने, किनमेल गर्ने आदि कार्यमा २४.५०% महिलालाई पुरुषले पुरै सघाउँदा रहेछन भने ४४.१०% पुरुषले महिलाको काममा सहयोग नगरेको पाईयो। ३१.४०% पुरुषले महिलालाई समय परिस्थिती अनुसार घरायसी काममा सहयोग गरेको पाईयो।

### ४.३.१० विवाह गर्दाको उमेरको विवरण (Detals of Married Age)

कम उमेर वा उमेर पुगेपछि विवाह हुने अवस्थाले महिलाहरुको सामाजिक स्थितीलाई दर्शाउँदछ । उत्तरदाताको भनाई अनुसार यहाँ पहिले पहिले रजस्वला हुनु भन्दा पहिला नै छोरीको विवाह गरिदिनु पर्छ भन्ने चलन रहेको पाईन्छ । किनकी रजस्वला भएको छोरीको गोडाको पानी खानु हुन्न भन्ने मान्यता रहेकोले ९ देखि १२ वर्षमा विवाह गरिदिने चलन थियो । तर आज भने परिवर्तन भएर आफ्नो खुट्टामा उभिन सक्ने बनाएर विवाह गरिदिनुपर्छ भन्ने अभिभावक पनि पाउन सकिन्छ ।

**तालिका ४.१०**

**उत्तरदाता महिलाहरुको विवाह गर्दाको उमेर विवरण**

| क.सं | उमेर (वर्षमा) | विवाहित संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १५-२० | ४९ | ४७% |
| २ | २०-३० | ३४ | ३३.४% |
| ३ | ३०-४५ | २० | १९.६% |
| ४ | जम्मा | १०२ | १००% |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१

माथिको तालिका अनुसार ४७% महिलाको विवाह १५-२० वर्षको` उमेरमा भएको पाईयो । सम्मका ३३.४% महिलाको विवाह २०-३० वर्ष सम्ममा भएको पाईयो भने ३०-४५ वर्षमा विवाह गर्ने महिला १९.६% रहेको छ । समग्रमा तालिका हेर्दा १५-२० वर्ष उमेर समूहका महिलाको विवाह धेरै भएको पाईयो । वास्तवमा २०-३० वर्ष सम्मलाई विवाहको उपयुक्त समय मानिन्छ ।

### ४.३.११ विरामी हुँदा जाने ठाँउ (Places of Treatment)

अध्ययनको क्षेत्रका महिला विरामी हुँदा उपचारको क्रममा पहिला कहाँ जान्छन् भन्ने प्रश्न सोधिएको थियो जसबाट प्राप्त परिणामलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.११**

**उत्तरदाता महिलाहरुको विरामी हुँदा जाने ठाँउको विवरण**

| क.सं | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | डाक्टर | ६१ | ५९.८% |
| २ | धामि झाँक्रि | ४१ | ४०.२% |
| ३ | जम्मा | १०२ | १००% |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१

माथिको तालिकालाई विश्लेषण गर्दा यहाँका ५९.८% महिलाहरु विरामी हुँदा डाक्टरको सल्लाह लिने र वाँकि ४०.२% महिला आजको २१औं शताब्दीमा आएर पनि पुरानै रुढिवादी संस्कारमा अध्ययन क्षेत्रका महिलाहरु रुमल्लिएको पाईयो ।

### ४.३.१२ मासिक स्राब (Mensuration)

यहाँको स्थानिय सांस्कृतिक मुल्य मान्यता अनुसार यस अध्ययन क्षेत्रका सम्पूर्ण महिलाहरु मासिक स्राब हुँदा परिवार सँगै वस्ने, खाना वनाउने, चार दिन सम्म गाई भैंसीको दुध, दहि, मोहि खाने, सुति रहेको विस्तारामा सुत्ने, पुजा पाठमा समावेश हुने आदि कृयाकलाप लाई अशुभ मान्दछन् । यस्तो संस्कारको कारणले गर्दा महिलाहरुको स्वास्थ्यमा असर पुऱ्याएको छ ।

## ४.४ नमुना छनौट मा परेका महिलाहरुको आर्थिक अवस्था ( EconomicsStatus of Sampling Selected Women)

महिला सशक्तीकरण भन्नाले महिलाहरु सामाजिक, आर्थिक, राजनैतिक, साँस्कृतिक, कानुनी, व्यक्तिगत तथा समूहगत संस्थागत, शैक्षिक, रोजगारी, स्वास्थ्यको अवस्था, जमिन, धन सम्पति आदि जस्ता सर्वाङ्गिण विकास र स्वतन्त्रता जस्ता पक्षको अनुभव लिन र दिन सक्नु भन्ने बुझिन्छ । जसले गर्दा महिलाको व्यक्तित्व विकास, निर्णय गर्न सक्ने क्षमताको विकास, आत्मनिर्भरता एवम् आत्मविश्वास, सामाजिक प्रतिष्ठा, रोजगारीमा अग्रसरता, आय आर्जन जस्ता कृयाकलाप हुन सक्छन् । यसरी महिलालाई सशक्त बनाउन आफ्नो व्यक्तित्व विकास, निर्णय गर्न सक्ने क्षमताको विकास, आत्मनिर्भरता एवम् आत्मविश्वास, सामाजिक प्रतिष्ठा, शिक्षा र रोजगारीमा अग्रसरता, आय

आर्जनमा अग्रसरता जस्ता अधिकारको उपभोग गर्न पाएमा  पक्कै पनि वास्तवमा महिलाको सर्वाङ्गिण विकास हुन्छ । यसरी महिला लाई सशक्त पार्नको लागि विभिन्न तत्वहरुको आवश्यकता पर्दछ । आर्थिक उन्नतिको लागि सम्बन्धित तत्वहरु पेशा, आम्दानीका स्रोत, खर्च मितव्ययी, वचत गर्ने प्रवृति र भु-स्वामित्व आदिलाई आधार मानिएको छ ।

### ४.४.१ महिलाहरुको स्रोतगत वार्षिक आम्दानी (Sectorial Income of Sampled Women)

महिलाहरुको आफ्नो दैनिक आवश्यकता पुरा गर्नको लागि साथै आत्मनिर्भरता बढाउनको लागि आर्थिक अवस्था सबल हुनुपर्छ । त्यसैले उनीहरुले कुन कुन स्रोतबाट वार्षिक कति आम्दानी गरेका छन् भन्ने कुरा तलको तालिकामा देखाइएको छ :

**तालिका ४.१२**

**अध्ययन क्षेत्रको महिलाको स्रोतगत वार्षिक आम्दानी विवरण**

| क्र.सं. | आय विवरण | रकम रु | प्रतिशत |
|---|---|---|---|
| १ | पशुपालन | ६०००० | ३१.५७ |
| २ | ज्यालादारी | ५०००० | २६.३१ |
| ३ | अन्य विक्री | ३०००० | १५.७८ |
| ४ | दुध विक्री | ५०००० | २६.३१ |
| | जम्मा | १९०००० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१ ।

माथिको तालिकाअनुसार सबैभन्दा आम्दानी पशुपालनबाट भएको पाइन्छ भने अन्य विक्रीबाट कम आम्दानी भएको पाइन्छ ।

### ४.४.२ नमुना छनौटमा परेका महिलाहरुको तहगत वार्षिक खर्च विवरण (Level Wise Expenditure of Sampled Women)

पारिवारिक जिवनस्तर निर्धारण गर्न अर्को महत्वपूर्ण निर्धारक तत्व व्ययको अवस्था पनि हो । अध्ययन क्षेत्रका महिलाहरुले प्रति परिवार सबैभन्दा बढि खर्च उपभोग र चाडपर्वमा लुगाफाटा

किन्नमा गर्ने गरेको पाईयो । त्यसपछि क्रमश शिक्षा, स्वास्थ्य, खानपान अर्थात विभिन्न क्षेत्रमा भएको खर्च लाई तालिकामा देखाईएको छ ।

**तालिका ४.१३**


**नमुना छनौटमा परेका महिलाहरुको तहगत वार्षिक खर्च विवरण**

| क्र.सं. | वार्षिक खर्च रु हजारमा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ०-२० | २७ | २६.५ |
| २ | २०-४० | २९ | २८.५ |
| ३ | ४०-६० | ३९ | ३८.१ |
| ४ | ८० माथि | ७ | ६.९ |
| ५ | जम्मा | १०२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७१

तालिकामा देखाईए अनुसार नमुना छनौटमा परेका १०२ जना मध्ये वार्षिक २० हजार भन्दा कम खर्च गर्ने २७ महिला मात्र रहेको पाईयो ४०-६० हजार गर्ने ३९ महिला र ८० हजार भन्दा माथिका ७ जना महिला रहेको पाईन्छ । यस माथिको भनाई लाई वृतचित्रमा तल देखाईएको छ ।

**चित्र नं. ४.२**




स्रोत : तालिका ४.१३ २०७१

### ४.४.३ नमुना छनौटमा परेका महिलाहरुको क्षेत्रगत वार्षिक खर्च (Sectoral Expenditure of Sample Women)

अध्ययन क्षेत्रका महिलाहरुको आम्दानी र खर्चको बारेमा अध्ययन गर्दा आम्दानी कम हुने महिलाले पनि खर्च धेरै गरेको पाईयो ।

**तालिका ४.१४**

**नमुना छनौटमा परेका महिलाहरुको क्षेत्रगत वार्षिक खर्च विवरण**

| क्र.सं. | विवरण | खर्च रु.मा | प्रतिशत |
|---|---|---|---|
| १ | उपभोग | ४५,०००।०० | ३० |
| २ | चाँडपर्व | २५,०००।०० | १६.६६ |
| ३ | शिक्षा | २०,०००।०० | १३.३३ |
| ४ | स्वास्थ्य | २५,०००।०० | १६.६६ |
| ५ | अन्य | ३५,०००।०० | २३.३३ |
| | जम्मा | १,५०,०००।०० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१

तालिकामा देखाए अनुसार वार्षिक अत्यावश्यक खर्च निकाल्दा उपभोगमा ४५,०००।००, चाडपर्वमा २५,०००।००, शिक्षामा २०,०००।००, स्वास्थ्यमा २५,०००।०० र अन्यका लागि ३५,०००।०० प्रति महिला परिवार वार्षिक खर्च चाहिने अध्ययनले देखाएको छ ।

### ४.४.४ महिलाहरुको पारिवारिक वचत विवरण (Family Saving of Details)

आम्दानीबाट खर्च कटाई रहेको बाँकी रकम वचत हो । यस क्षेत्रका महिलाहरुको वार्षिक वचत यसप्रकार रहेको छ :

**तालिका ४.१५**

**अध्ययन क्षेत्रका महिलाको वार्षिक वचत विवरण** (२०६९/०७०)

| क्र.सं. | वार्षिक आम्दानी रु. | वार्षिक खर्च रु. | वार्षिक वचत रु. |
|---|---|---|---|
| १ | १९०००० | १५०००० | ४०००० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१ ।

माथिको तालिकाअनुसार वार्षिक वचत रु. ४०००० मात्र देखिन आउँछ ।

### ४.४.५ घर जग्गाको स्वामित्व (Wonership of House and Land)

आर्थिक पक्ष देश समाज र परिवारको सरोकार राख्ने विषय हो । कुनै पनि ठाउँको उन्नती अवन्नती पनि त्यसको आर्थिक अवस्थामा निर्भर गर्दछ । कुनै ठाँउमा विकास हुनु नहुनुमा अर्थिक अवस्थाले महत्वपूर्ण प्रभाव पारेको हुन्छ । नमुना छनौटमा परेका महिलाहरुको घर जग्गाको स्वामित्वलाई निम्न लिखित तालिका बाट देखाउन सकिन्छ । यो उनिहरुको निजि स्वामित्वमा रहेको घर जग्गाको विवरण हो ।

**तालिका ४.१६**

**नमुना छनौटमा परेका महिलाहरुको घर जग्गाको स्वामित्व सम्बन्धि विवरण**

| क्र.सं. | भुमि कठ्ठामा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | भुमिहिन | १५ | १४.७ |
| २ | ०-१ | ३४ | ३३.३ |
| ३ | २-३ | १८ | १७.७ |
| ४ | ३-४ | १२ | ११.८ |
| ५ | ४ माथि | २३ | २२.५ |
| ६ | जम्मा | १०२ | १००.० |


स्रोत : स्थलगत सर्वेक्षण २०७१

माथिको तालिकामा देखाईएको घर जग्गाको स्वामित्व नभएका महिलाको संख्या १४.७% रहेको छ । जुन महिलाहरु समाजमा पछि परेका वर्ग भित्र पर्दछन् । ०-१ कठ्ठा जमिन स्वामित्वमा

हुने महिलाको संख्या ३३.३% रहेको छ । एवमरितले २-३ कट्ठा हुने महिलाको संख्या १७.७%, ३-४ कट्ठा हुने ११.८% र ४ कट्ठा भन्दा माथि हुने २२.५% रहेको पाईन्छ ।

नमुना छनौटमा परेका महिलाहरुको घर जग्गाको स्वामित्व सम्बन्धी विवरण तलको वृत चित्रमा देखाइएको छ ।

चित्र नं. ४.३




स्रोत : तालिका ४.१६, २०७१

माथिको वृत चित्रमा देखाईए अनुसार घर जग्गाको स्वामित्व नभएका महिलाको संख्या १४.७ प्रतिशत रहेको छ । जुन महिलाहरु समाजमा पछि परेका वर्ग भित्र पर्दछन् । ०- १ कट्ठा जमिन स्वामित्व हुने महिलाको संख्या ३३.३ प्रतिशत रहेको छ । एवमरितले २-३ कट्ठा हुने १७.७ प्रतिशत, ३ - ४ कट्ठा हुने ११.८ प्रतिशत र ४ कट्ठा भन्दा माथि हुने २२.५ प्रतिशत रहेको पाईन्छ ।

## **४.५ निर्णय प्रकृयामा महिलाहरुको संलग्नताको अवस्था (Status of Women Participetion on Decision)**

यस अध्ययनमा नमुना छनौटमा परेका महिलाहरुले आफ्नो वा परिवारको काममा आईपर्ने समस्याको वारेमा निर्णय गर्दा संलग्नता हुने अवस्थालाई ब्याख्या गरिएको छ ।

### ४.५.१ निर्णय प्रकृया (Decision Making)

घरायसी होस या सामाजिक समस्याहरुको विषयमा छलफल गर्दा प्रायः जसो महिलाहरुलाई सहभागि नबनाई निर्णय मात्र सुनाउने चलन छ । घर भित्रको काममा समेत पुरुषको नियन्त्रण हुन्छ । घर भन्दा बाहिरको काममा त महिलाहरुको भुमिका वा निर्णय प्रकृया झनै कम हुन्छ । यस अध्ययनको तेस्रो उद्देश्य निर्णय प्रकृयामा महिलाहरुको संलग्नता रहेको छ । यस अर्न्तगत निर्णय प्रकृया, विवाह गर्दाको किसिम, परिवार नियोजनका साधनको निर्णय, गर्भपतन गर्ने अधिकार सम्बन्धी विश्लेषण गरिएको छ ।

**तालिका ४.१७**

**नमुना लिईएका महिलाहरुको निर्णय प्रकृयाको विवरण**

| क्र. सं. | विवरण | निर्णय गर्ने | प्रतिशत | निर्णय नगर्ने | प्रतिशत | सल्लाहबाट निर्णय गर्ने | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | बजारमा किनमेल गर्ने | ५० | २१.८४ | १७ | ८.९९ | ३५ | १३.१५ |
| २ | छोरा छोरीको विवाह गर्ने | १७ | १०.८२ | १९ | १०.०५ | ६६ | २४.८१ |
| ३ | जग्गा किनमेल गर्ने | १८ | ११.४६ | २५ | १३.२२ | ५९ | २२.१८ |
| ४ | सामाजिक छलफलमा जाने | २५ | १५.९२ | ४८ | २५.३९ | २९ | १०.९० |
| ५ | छोरा छोरी कहाँ पढाउने | २५ | १५.९२ | २८ | १४.८१ | ४९ | १८.४२ |
| ६ | ऋण लिने दिने | २२ | १४.०१ | ५२ | २७.५१ | २८ | १०.५२ |

स्रोत : स्थलगत सर्वेक्षण, २०७१ ।

माथिको तालिकाको अध्ययन गर्दा विभिन्न उपभोग्य वस्तुहरु किनमेल गर्दा प्राय महिलाहरु नै सहभागि रहेको पाईयो । यस वाहेकका अन्य निर्णयहरु महिलाहरुको तुलनामा पुरुषहरुले नै बढी गर्ने गरेता पनि अधिकांश निर्णयहरु दुवै जनाको सल्लाह सहमतिमा गर्ने गरेको पाईयो । यस बाट

स्पष्ट हुन्छ कि निर्णय प्रतिकृयामा महिलाको तुलनामा पुरुष अगाडि भएतापनि हाल अएर दुबैको सल्लाह र सहमतिमा निर्णय गर्ने परिपाटीको क्रमशः विकास हुँदै आएको पाईन्छ ।

### ४.५.२ विवाह गर्दाको किसिम (Type of Marrige)

यहाँको उत्तरदाताको भनाई अनुसार महिलाहरुको विवाह प्रायः बाबु आमाले नै गरिदिएको र केहिले मात्र अन्य तरिकाले विवाह गरेको पाईन्छ ।

**तालिका ४.१८**

**उत्तरदाता महिलाहरुको विवाहको किसिम**

| क्र.सं. | विवरण | विवाहित संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | मागी विवाह | ७३ | ७१.६ |
| २ | प्रेम विवाह | २९ | २८.४ |
| ३ | जम्मा | १०२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७१ ।

माथिको तालिकालाई विश्लेषण गर्दा ७१.६% महिलाको विवाह आमा बुवा वा अभिभावक को निर्णय बाट नै गरिदिएको पाईयो भने २८.४% महिलाको विवाह प्रेम विवाह वा आफैंले स्वविवेकले निर्णय गरी विवाह गरेको पाईयो । अझै पनि हाम्रो समाजमा मागि विवाह बाहेक अन्य विवाहलाई नराम्रो रुपमा हेर्ने गरिन्छ ।

### ४.५.३ परिवारनियोजनका साधनको प्रयोगको अवस्था (Status of Use of Family Planing Divice)

यस क्षेत्रका उत्तरदाता महिलाहरुमा परिवार नियोजन सम्बन्धि ज्ञान आफैंमा रहेको पाईयो । पुरुषहरुको तुलनामा महिलाहरुले नै परिवारनियोजनको साधन प्रयोग गर्ने सम्बन्धमा बढि निर्णय गरेको पाईयो । परिवार नियोजनको अस्थाई साधनको प्रयोग नगर्ने दम्पती मध्ये अधिकांशले स्थायी बन्ध्याकरण गरेको पाईयो । जसलाई तलको तालिकामा देखाईएको छ ।

**तालिका -४.१९**

**परिवारनियोजनका अस्थायी साधनको प्रयोग सम्बन्धि विवरण**

| क्रसं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | महिला | ३७ | ३७.३ |
| २ | पुरुष | २० | १९.७ |
| ३ | साधनको प्रयोग नगर्ने | ४५ | ४४.१ |
| | जम्मा | १०२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७१ ।

माथिको तालिकालाई विश्लेषण गर्दा परिवार नियोजनका अस्थायी साधनहरुको प्रयोग गर्ने ३७.३% महिलाहरु छन् भने १९.७% पुरुषहरुले परिवार नियोजनको साधन प्रयोग गरेको पाईयो । अस्थायी साधनको प्रयोग नगर्नेहरुले झन्झटिलो भन्दै प्रयोग नगर्ने गरेको पाईयो । यस तालिकाबाट परिवार नियोजनका साधनको प्रयोग सम्बन्धमा पनि महिलाको निर्णयको वोलवाल रहेको पाईयो ।

### ४.५.४ गर्भपतन सम्बन्धि धारणा (Concept Toward Abortion)

हिन्दु संस्कार अनुसार गर्भपतन गराउनुलाई अपराध मानिन्छ । तर हाल भने कानुनी रुपमा पनि सरकारले कानुनी मान्यता समेत दिईसकेको छ । यसै सर्न्दभमा अध्ययनको क्रममा महिलाको गर्भपतन सम्बन्धि केहि प्रश्न राखिएको थियो । उक्त विवरणलाई तालिकामा प्रस्तुत गरिएको छ ।

**तलिका -४.२०**

**गर्भपतन सम्बन्धमा उत्तरदाता महिलाको धाारणा**

| क्रसं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ठिक हो | ३३ | ३२.४ |
| २ | बेठिक हो | ४८ | ४७ |
| ३ | थाहा छैन | २१ | २०.६ |
| | जम्मा | १०२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७१

माथिको तालिका अनुसार ३२.४% महिलाले गर्भपतन गराउनु ठिक हो र महिलाले गर्भ पतन गराउन पाउनु पनि उसको अधिकार हो भन्ने जबाफ दिएका थिए भने ४७% ले गर्भ पतन गराउनु ठिक होईन । यसलाई रोक्नु पर्छ भन्ने जवाफ दिएका छन भने २०.६% महिलाले यस विषयमा कुनै प्रतिकृया दिएका छैनन् । यसबाट के देखिन्छ भने गर्भ पतन सम्बन्धमा महिलाहरुले नै निर्णय गर्ने गरेको पाईयो ।

## ४.६ महिला सशक्तीकरण सम्बन्धि धारणा (Concept Towards Women Inpowerment)

नमुना छनोटमा परेका महिलाहरुसँग मात्र अन्तर्वार्ता लिने क्रममा उनिहरुका विचारलाई निम्ननुसार व्याख्या गरिएको छ ।

### ४.६.१ आर्थिक रुपमा सक्षम हुने सम्बन्धमा (Regarding Economic Efficient)

उत्तरदाता महिलाहरुले आर्थिक रुपमा सक्षम हुने सम्बन्धमा राज्यका उत्पादनशिल साधन र स्रोतमा महिला वर्गको पहुँच तुलनात्मक रुपमा कम रहेको र महिला सशक्तीकरणको विषयलाई नितिगत रुपमा प्राथमिकता का रुपमा राखिएतापनि विकास कार्यक्रम तथा वजेटले समेटन नसकेको साथै आर्थिक उदारीकरण र बजारमुखि अर्थ व्यवस्थाले प्रदान गरेको अवसर ग्रामिण महिलालाई सहजहुन सकेको छैन । महिलावर्गको रोजगारी औपचारिक श्रम बजारमा बढि निर्भर रहेको बताए । समान कामका लागि पनि महिलाले असमान ज्याला वा पारिश्रमिक प्राप्त गर्ने अवस्था विद्यमान रहेको साथै महिलाको घरायसी तथा सामुदायिक उत्पादनशील कार्यको लेखाजोखा हुन नसकेकोले महिलाहरु आर्थिक रुपमा सक्षम हुन नसकेका हुन भन्ने भनाई उक्त सशक्त महिलाहरुको पाईयो ।

### ४.६.२ पुरुष दमन र शोषण विरुद्ध सम्बन्धमा (Regarding Male Domination and Against)

अध्ययन क्षेत्रका उत्तरदाताहरुले पुरुष दमन र शोषण विरुद्ध विचार राख्ने क्रममा हाम्रो लडाई भनेको पुरुषहरुसँग होइन । समग्र संरचना परिवर्तनको लडाई हो । त्यसैले हाम्रो अगाडी धेरै चुनौतीहरु छन् । जस्तै महिलाहरुमा पनि आत्मविश्वासको कमि, आत्म निर्णयको समस्याले पनि अप्ठ्यारो पारिरहेको हुन्छ । त्यस्ता चुनौती वा कठिनाई हल गर्ने दृढ विश्वास लिनु पर्छ जवसम्म

राज्यका संरचनामा परिर्वतन आउँदैन तब सम्म दमन र शोषणको पनि अन्त्य हुँदैन भन्ने धारणा पाईयो ।

### ४.६.३. शिक्षाको क्षेत्रमा (Educational Field)

उत्तरदाताले शिक्षा पद्धति स्वंयम पनि महिला शिक्षा विकासमा सफल नभएको बताए । महिलाका लक्षित कार्यक्रममा सिमितता हुनु, सबै छात्रा सम्म नपुग्नु, सबै विद्यालयमा महिला शिक्षकको अनिवार्य व्यवस्था गर्ने निति प्रभावकारी नहुनु लैङ्गिक, मैत्री शैक्षिक सामाग्रीको अभाव आदी समस्याले गर्दा महिलाहरु शिक्षाको क्षेत्रमा पछाडी परेको भन्ने धारणा राखेको पाईयो ।

### ४.६.४. सरकारी तथा गैर सरकारी संस्था सम्बन्धमा (Regardin of Government and Non-Government Organization)

उत्तरदाताले महिला सशक्तीकरण र लैङ्गिक समानताको क्षेत्रमा हालका दिनहरुमा सरकारी, गैर सरकारी, सामाजिक क्षेत्र र नागरिक समाजको सहभागिता विगतका दिनमा भन्दा सकृय देखिएको बताए । नेपाल सरकारले गैर सरकारी सामाजिक क्षेत्र तथा नागरिक समाजको क्षमतालाई शासकिय क्षमताको आधारमा मान्यता प्रदान गरी त्यस्ता क्षमताको परिचालन गर्ने वृहत निति अङ्गिकार गरेको फलस्वरुप सरकार अन्तराष्ट्रिय विकास समुदाय तथा देशका नागरिक समाजका संस्थापक विच सहकार्यले समुदायको उल्लेख्य रुपमा विकास भएको बताए । साथै स्थानिय स्वायत्त शासन सम्वन्धि कानुनी व्यवस्था भएपछी अग्रगामी सुधारका कारण देशका स्थानिय निकायमा महिलाहरुको अधिकार संरक्षण र सशक्तिकरणका लागि जिम्मेवार निकायका रुपमा स्थापित हुँदै गएका छन् भन्ने धारणा राखेको पाईयो (ग्रामीण स्वास्थ्य पुस्तक) ।

### ४.६.५. लैङ्गिक विभेद सम्बन्धमा (Gender Discrimination Regarding)

उत्तरदाताको भनाई अनुसार समाजमा भएका सामाजिक मुल्य मान्यताको कारणले अभिभावकले छोरीलाई भन्दा छोरालाई बढी महत्व दिएको पाईन्छ । यो संस्कार समाजका विपन्न वर्गमा अझ बढि मात्रमा रहेको पाईन्छ । जसको फलस्वरुप समाजमा पुरुषहरुको अत्याधिक मात्रामा बाहुल्यता छ भने नारीको न्युनतम संलग्नता छ । यसरी यो समस्या हाम्रो मात्र समस्या नभई

विश्वका अल्पविकसित देशहरुको नै प्रमुख समस्या बन्न पुगेको धारणा राखेको पाईन्छ (नारी पुस्तक) ।

### ४.६.६.सामाजिकीकरण सम्बन्धमा (Regarding Socialization)

नेपाल बहु धार्मिक, बहु सांस्कृतिक मुलुक हो । समाजमा विभिन्न अवरोधका कारणहरुले सहभागितामा वृद्धि हुनमा रोकावट वा तगारा हरु रहेको पाईन्छ । जसमा दाईजो प्रथा पनि एउटा बाधक मान्न सकिन्छ । नारीको लागि महान घातक रोकावट दाईजो प्रथा रहेको छ । यसलाई समाजले तोड्नुको सट्टा उल्टै मलजल गरेर हुर्काएको छ । समाजका वा संघ संस्थाका कुनै विशेष क्रियाकलापमा महिलामा आएको जोस जाँगरलाई पछाडी पार्न महिलाले के गर्लान भनि होच्याउने प्रवृत्ति व्यापक भएको पाईन्छ । जसले गर्दा उनिहरु सहभागिताको अवसर बाट बन्चित हुनु परेको छ भन्ने धारणा राखेको पाईयो ।

### ४.६.७. सामाजिक विभेदको अन्त्य सम्बन्धमा (Social Discrimination Regarding)

उत्तरदाताले ग्रामिण समाजको एउटा समस्या भनेको महिलाहरुलाई हेर्ने सामाजिक दृष्टिकोण रहेको बताए । ग्रामिण समाजमा अन्धविश्वास, विभेद र शोषण कायम रहेको पाईन्छ । तब सम्म यो क्रियाकलाप अन्त्य हुँदैन अर्थात बैज्ञानिक र वस्तुनिष्ठ समाजको अवधारणा अगाडि बढाउन सकिदैन । यो समस्यालाई सुल्झाउन एक व्यवहारिक उपाय महिला सहभागिता हुन सक्छ । महिलालाई चेतनशिल र योग्य बनाउन सकिएमा विभेद, शोषण, अन्धविश्वास र अत्याचार विरुद्ध सकृय रुपमा अभियान चलाउन सक्छन । फलस्वरुप समानतामा आधारित आयमुलक समाजको निर्माण हुन सक्छ । यसले समानतामा आधारित न्यायमुलक समाजले मात्र विकासको ढोका लाई खुलाउन सक्दछ भन्ने धारणा राखेको पाईन्छ ।

## ४.७ सारांश (Summary)

वछौली गाउँ विकास समिति वडा नं. ८ अर्न्तगत महिला सशक्तिकरणले उनिहरुको सामाजिक तथा आर्थिक विकासमा पुऱ्याएको योगदानको बारेमा अध्ययन गरिएको यस अध्ययनको उद्देश्य महिलाहरुको सामाजिक अवस्थाको पहिचान गर्नु, महिलाहरुको सशक्तिकरणले उनीहरुको

आर्थिक विकासमा पुऱ्याएको योगदानको बारेमा विश्लेषण गर्नु र पारवारिक निर्णय प्रक्रियामा महिलाहरुको सहभागिता पत्ता लगाउनु गर्नु रहेको छ ।

यो अध्ययनलाई चितवन जिल्ला बछौली गा.वि.स. वडा नं ८ भित्र बसोबास गर्ने विवाहित महिलाहरुमा मात्र सिमित गरिएको थियो । यो अध्ययन महिलाहरुको सामाजिक, आर्थिक अवस्था महिला सशक्तीकरण र निर्णय प्रकृयामा महिलाहरुको भुमिकामा केन्द्रित गरिएको थियो । यस अध्ययनले लिएका उद्देश्य पुरा गर्नका लागि प्राथमिक तथा साहायक तथ्याङ्कको प्रयोग गरिएको थियो । प्राथमिक तथ्याङ्क अर्न्तगत प्रश्नावली, अन्तरवार्ता र अवलोकनको प्रयोग गरिएको थियो भने साहायक तथ्याङ्क अर्न्तगत गा.वि.स., जि.वि.स, जिल्ला प्रशासन कार्यालय, महिला वालवालिका तथा समाज कल्याण मन्त्रालय, शोधपत्र आदि बाट यो तथ्याङक संकलन गरिएको थियो । अध्ययन क्षेत्रका जम्मा २०४ विवाहित महिलाहरु मध्ये १०२ जना विवाहित महिलाहरुलाई नमुना छनौट गरिएको थियो । प्राप्त तथ्याङ्कलाई तथ्याङकका सामान्य विधिहरु प्रयोग गरी प्रतिशत निकाल्ने, औषत निकाल्ने र तालिकिकरण गर्ने कार्य गरिएको थियो । यसरी प्राप्त भएको प्रतिशत, औषत तथा वृत्तचित्रको सहायताले तथ्याङ्कको विश्लेषण गरी सारांश निकालिएको छ ।

- यहाँका अधिकांश महिलाको मुख्य आम्दानीको स्रोत कृषि रहेको पाईयो । उनिहरुको पेशाको ३४.३% महिला कृषिमा नै लिन रहेर लागेको पाईयो । आम्दानी पनि यसै बाट बढि गरेको देखिन्छ । २३.५% महिलाहरु सरकारी नोकरीमा संलग्न रहेको पाईयो र उनिहरु सशक्त भनिएका महिलाहरु मध्येमानै बढि रहेको देखिन्छ । व्यापारमा २५.५% महिलाहरु संलग्न रहेका छन् र उनिहरुको अम्दानी पनि राम्रो नै रहेको पाईयो । अन्य महिला पनि सानो तिनो आय आर्जन गर्ने कार्यमा सरिक भएकै पाईयो ।

- अध्ययन क्षेत्रका महिलाहरुको घर जग्गा सम्बन्धि स्वामित्व हेर्दा १४.७ प्रतिशत महिलाहरुको घर जग्गा सम्बन्धि स्वामित्व नभएको पाईयो । जुन महिला समाजमा पनि पछि परेको पाईयो । ०-१ कट्ठा भुमि स्वामित्व हुने ३३.३% रहेको पाईयो । २-३ कट्ठा स्वामित्व हुने महिलाको संख्या १७.७%, ३-४ कट्ठा स्वामित्व हुने महिलाको संख्या ११.८% रहेको पाईयो भने ४ कट्ठा भन्दा बढि जग्गाको स्वामित्व हुने महिलाहरु सामाजिक रुपमा सशक्त मानिएकाहरु मात्र रहेका छन् ।

- छोरीलाई दाईजो दिने कुरामा उत्तरदाता महिलाहरु मध्ये ६१% ले सहमति जनाए भने ३९% महिलाहरुले मात्र असहमति जनाए । यस बाट यहाँका महिलाहरु मध्ये अधिकांश महिलाहरु दाईजो प्रथा सम्बन्धि प्रष्ट नरहेको पाईयो भने खानेपानीको अवस्थालाई हेर्दा यहाँ ६३% महिलाले ट्युवेल धाराको पानी उपभोग गरिरहेको बताए भने ३७% ले मोटर लगाएको पम्पसेटको पानी उपभोग गरेको पाईयो । यस क्षेत्रमा २४.५% पुरुषले घरका सबैकाममा सघाएको पाईयो भने ३१.४% पुरुषले घरको अलि अलि काममा मात्र सहयोग गरेको पाईयो । ४४.१% पुरुषहरुले घरको कुनै पनि काममा सहयोग गरेको पाईएन । तुलनात्मक रुपमा महिला लाई काममा नसगाउनेको संख्या बढि रहेको पाईयो ।

- समयको परिवर्तन सगैं छोरा र छोरीलाई हेर्ने दृष्टिकोण पनि क्रमिक रुपमा परिवर्तन हुँदै आएको पाइयो । जसअनुसार ४४% महिलाहरुले छोराछोरी दुवैलाई समान महत्व दिने कुरा व्यक्त गरे भने १९ प्रतिशत महिलाहरुले छोरीलाई र ३७% महिलाहरुले छोरा लाई बढि महत्व दिईएको पाईयो ।

- विवाह गर्दाको उमेरले महिलाहरुको जिवनमा महत्वपूर्ण प्रभाव परेको हुन्छ । यस क्षेत्रमा अध्ययन गर्दा १५-२० वर्षको उमेरमा सबै भन्दा बढि अर्थात ४७% महिलाहरुको विवाह भएको पाइयो भने २० वर्ष नाघेपछि विवाह गर्नेको संख्या ३४.४% र ३० वर्ष देखि माथि विवाह गर्नेको संख्या १९.६ % रहेको पाइयो ।

- प्राचिनकाल देखि नै विभिन्न किसिमबाट विवाह हुदै आएको पाईएता पनि मागी विवाह नै सबै भन्दा बढि प्रचलित रहेको पाईन्छ । यस क्षेत्रमा रहेका महिलाहरु मध्ये ७१.६% महिलाहरुको विवाह अभिभावकहरुको निर्णयबाट नै भएको पाईयो भने २८.४% महिलाहरुको विवाह आफ्नै निर्णयबाट भएको पाईयो ।

- हिन्दु संस्कार अनुसार मासिक स्राव भएको अवस्थामा महिलाहरुले छुट्टै वस्नुपर्ने वाध्यता रहदैं आएको छ । यो संस्कार आजसम्म पनि कायम रहेको पाईयो । यस अध्ययन क्षेत्रमा सम्पूर्ण महिलाहरुले मासिक स्राब हुँदा छुट्टै पन्छेर बस्ने, पानी नछुने, खाना नपकाउने, पुजापाठ र विशेष समारोहमा सरीक नहुने गरेको पाईयो ।

- यस क्षेत्रका महिलाहरुलाई परिवार नियोजनका साधनहरुका बारेमा जानकारी भएको पाईयो । जसमध्ये ३७.३ % महिला र १९.७ % पुरुषहरुले परिवार नियोजनको अस्थायी साधनको प्रयोग गर्ने गरेको पाईयो । बाँकी ४४.१ % महिला र पुरुषहरुले कुनै पनि अस्थायी साधनको प्रयोग नगरेको  पाइयो ।

- हिन्दु संस्कार अनुसार गर्भ पतन गराउनुलाई अपराध मानिन्छ  ता पनि हाल आएर ३२.४% महिलाले गर्भपतन गराउने ठिक हो र महिलाले गर्भ पतन गराउन पाउनु पनि उसको अधिकार हो भन्ने धारणा राखेका छन् भने ४७% ले गर्भ पतन गराउनु ठिक होईन यसलाई रोक्नु पर्छ भन्ने जवाफ दिएका छन् र २०.६% महिलाले यस विषयमा कुनै प्रतिकृया दिएका छैनन् । यसले पनि गर्भ पतन सम्बन्धमा महिलाहरुको निर्णय नै मान्य हुने पाईयो ।

- यस क्षेत्रका बासिन्दा मध्ये ५९.८% ले विरामी हुँदा डाक्टरको मा जाने गरेको बताए भने ४०.२% ले वैध अथवा धामिझाँक्रिको मा जाने गरेको पाईयो । यसबाट अझै पनि यहाँका मानिसहरुको धामिझाँक्रि माथि विश्वास रहेको कुरा प्रष्ट हुन्छ ।

# अध्याय-पाँच (CHAPTER- FIVE)

## ५. निष्कर्ष र सुझावहरु (Conclusion and Recommendation)

यस अध्ययनमा तथ्याङ्कहरुको व्याख्या, विश्लेषण र विवेचना गरी निष्कर्ष निकालिएको छ। निकर्षका आधारमा सुझावहरु समेत प्रस्तुत गरिएको छ।

### ५.१ निष्कर्ष (Conclusion)

चितवन जिल्ला बछौली गा.वि.स अर्न्तगत रहेका ९ वटा वडाहरु मध्ये वडा नं. ८ मा रहेका सम्पूर्ण विवाहित महिलाहरुलाई कुल जनसंख्याको रुपमा लिईएको यस अध्ययनमा गा.वि.स. प्रोफाईल अनुसार २५४ घरधुरी रहेका छन् र विवाहित महिलाहरुको संख्या ४०० रहेको छ। जसमध्ये १०० घरधुरीका १०२ जना विवाहित महिलालाई उमेर सीमाको आधारमा छनोट गरिएको छ। यस अध्ययनको विश्लेषणबाट निकालिएका निष्कर्षलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

- अध्ययन क्षेत्रका ३७% महिलाले छोरा नभई नहुने धारणा राखेको पाईयो भने १९% ले छोरी मात्र भएपनि हुन्छ भनेको पाईयो। तर छोरा नहुँदा नौ छोरी सम्म पनि जन्माएको पाईयो। ४४% छोरा छोरी दुवैलाई समान महत्व दिएको पाईयो।

- अध्ययन क्षेत्रका ६१% महिलाहरुले छोरीलाई दाईजो दिने कुरामा जोड दिएको पाईयो।

- २१ औं शताब्दिमा आएर पनि महिला र पुरुष एक रथका दुई पाङग्रा भनिए पनि ४४.१०% पुरुषले घरायसि काममा महिलालाई सहयोग गरेको पाईएन।

- वर्तमान समयमा पनि विरामी हुँदा धामिझाँक्रिकोमा जाने मानिसहरुको संख्या ४०.२% हुनुले यहाँको मनिसहरुको अझै पनि धामिझाँक्रि माथि विश्वास रहेको देखिन्छ।

- अध्ययन क्षेत्रका सम्पूर्ण महिलाहरु मासिक स्राब हुँदा छुट्टै अलग वस्ने, पानी नछुने, खाना नपकाउने, र पुजापाठ नगर्ने गरेको पाईयो।

- अध्ययन क्षेत्रका महिलाहरुको प्रमुख पेशा कृषि हो । ३४.३% महिलाहरुले कृषि पेशालाई प्रमुख पेशाको रुपमा लिएको पाईयो ।

- अध्ययन क्षेत्रका महिलाको निर्णय प्रकृयालाई हेर्दा विभिन्न उपभोग्य वस्तुहरु किनमेल गर्दा महिलाहरुकै सहभागिता रहेको पाईयो, यस बाहेकका निर्णयहरु दुवै जनाको सल्लाह र सहभागितामा गर्ने गरेको पाईयो ।

- यहाँको ७१.६% महिलाको अभिभावकको निर्णय बाटनै विवाह हुने गरेको पाईयो भने थोरै २८.४% महिलाले मात्र विवाहको निर्णय आफैं गर्ने गरेको पाईयो ।

- गर्भपतन सम्बन्धमा पनि महिलाहरुको निर्णय अगाडि रहेको पाईयो । ४४.१% महिलाले परिवार नियोजन साधनको प्रयोग सम्बन्धी अन्योल रहेको वा कुनै प्रतिक्रिया दिन नचाहेको पाईयो ।

## ५.२ सुझाव (Recommendations)

अध्ययन क्षेत्र चितवन जिल्ला बछौली गा.वि.स. वाडा नं. ८ मा बस्ने महिलाहरुको धेरै समस्या रहेको पाईयो । उनिहरुको सामाजिक, आर्थिक अवस्था र निर्णय प्रकृयामा सहभागिता पर्याप्त मात्रामा नरहेको पाईयो । उनिहरुसंग पर्याप्त कृषि भुमि भएको तर स्वामित्वमा नभएको, पराम्परागत तरिकाबाट कृषि पेशा गरेको पाईयो । उनिहरुको वार्षिक आम्दानी खर्चको तुलनामा कम भएको हुँदा आधारभुत अवश्यकता परिपुर्ति गर्न कठिन भएको पाईयो । यस अध्ययन र विश्लेषणको क्रममा वछौली गा.वि.स.का महिलाहरु सशक्त भए भने उनिहरुको अर्थिक विकासमा पनि योगदान पुग्ने देखिन्छ ।

तसर्थ यस अध्ययनको क्रममा महिलाहरुको सामाजिक, आर्थिक अवस्था र महिला सशक्तिकरणको स्थितिमा सुधार ल्याउनको लागि निम्न सुझाव प्रस्तुत गरिएको छ ।

- यस क्षेत्रमा वसोवास गर्ने महिलाहरुले कृषिलाई प्रमुख पेशाको रुपमा लिईएकाले कृषि क्षेत्रमा आधुनिकिकरण गरी कृषि उत्पादनमा वृद्धि गर्नुपर्ने देखिन्छ । कृषि उत्पादनलाई

बढाउनको लागि आधुनिक किसिमको विउ, विजन, तालिम, आधुनिक उपकरण, बाटो घाटोको व्यवस्था सरकारी स्तर बाटनै गर्नुपर्ने देखिन्छ ।

- सरकारी, गैरसरकारी संस्था एन.जि.यो., आईएनजियो, द्वारा महिला हरुलाई दिर्घकालिन जिवनस्तर उकास्ने खालका चेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्नु पर्ने देखिन्छ ।

- अध्ययन क्षेत्रका महिलाहरुको जिवनस्तर उकास्नको लागि व्यवसायिक तालिम, सिलाई बुनाई, वचत समूह, तरकारी खेति सामुहिक क्रियाकलाप जस्ता कार्यक्रमहरु सरकारी तथा गैर सरकारी क्षेत्रबाट सञ्चालन गरिनुपर्दछ ।

- नेतृत्व तहमा हुनेहरुले महिला विकासका क्षेत्रमा गरेका निर्णय प्रतिवद्धता कागजमा मात्र सिमित नराखि व्यवहारमा लागु गर्दै जानु पर्दछ । महिला सम्बन्धि कार्यक्रमहरुको निर्णय गर्ने, कार्यक्रम बनाउने सम्बन्धमा उनिहरु स्वंयमलाई सहभागि गराई नेतृत्वको भुमिका दिनुपर्दछ ।

- महिला सशक्तीकरण सम्बन्धि चेतनामुलक कार्यहरु (तालिम, गोष्ठि, भेलाा) जस्ता क्रियाकलापहरु पनि सरकारी तथा गैरसरकारी तवरबाटै औपचारिक रुपमा नै ग्रामिण स्तरमा संचालन गरिनु पर्दछ ।

- समाजमा नयाँ परिवर्तन ल्याउन पितृसतात्मक सोचलाई परिवर्तन गर्न चेतनामुखि कार्यक्रमहरु ग्रामिण स्तरमा विस्तार गरिनुपर्दछ ।

- महिलाहरुले गर्ने घरेलु कामको मुल्याङ्कन गर्ने उपयुक्त पद्धतिको विकास सरकारी स्तर बाटै गरिनु अति आवश्यक छ ।

- महिलाहरुको क्षेत्रमा काम गर्दै आएका राष्ट्रिय महिला आयोग, महिला विभाग, महिला विकास सम्बन्धि क्रियाकलाप, महिला विकास संस्था जस्ता संस्थाहरुले दमद, शोषण, विरुद्ध चेतनामुलक कार्यक्रमहरु संचालन गर्नुपर्ने देखिन्छ ।

- ग्रामिण समाजमा पिछडिएका महिलाहरुलाई लक्षित गरेर सरकारी तबरबाट नै आयआर्जनका क्रियाकलाप संचालन गरिनुपर्छ ।

- राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिवद्धताहरुको पालना गर्न गराउन सरकार र सरोकारवाला संगठनहरुले ठोस योजना सहित अगाडि बढ्नु पर्दछ ।

### ५.२.१ निति सम्बन्धित सुझावहरु (Policy Related Recommendations)

- अध्ययन क्षेत्रका महिलाहरुको मुख्य पेशा कृषि भएकाले कृषिमा अनुदान दिने व्यवस्था गरि सरल र सहज तरिकाबाट उपलब्ध गराउनुपर्ने निति बनाई लागु गर्नुपर्छ ।

- आर्थिक अवस्थामा सुधार ल्याउन पर्यटकिय क्षेत्र सौराह नजिक पर्ने हुनाले हस्तकलाका सामाग्रि साथै तरकारि खेति आदिमा अनुदान तथा सहुलियत दरमा ऋण प्रवाह गर्ने निति बनाई लागु गनुपर्दछ ।

### ५.२.२. प्रयोगात्मक क्षेत्रसंग सम्बन्धित सुझावहरु (Practice Related Recommendations)

- महिलाहरुलाई घरायसी काम बाहेक अन्य सामाजिक कामका साथै सभा, सम्मेलन, गोष्ठि आदिमा अनिवार्य उपस्थितीको लागि प्रोत्साहन गर्नुपर्दछ ।

- मासिक श्राव, विरामीहुँदा, छोरा छोरी प्रतिको धारणामा पाइएको रुढिवादी परम्परालाई चिर्न चेतनामुलक कार्यक्रम गर्नुपर्ने देखिन्छ ।

### ५.२.३. आगामि अनुसन्धान संग सम्बन्धित सुझावहरु ( Further Research Related Recommendations)

- यो अनुसन्धानको अध्ययनले भविष्यमा अन्य स्थानको महिला सशक्तिकरणले उनिहरुको सामाजिक तथा आर्थिक विकासमा पुऱ्याएको योगदान सँग तुलनात्मक अध्ययन गरि महिला सशक्तिकरणको लागि थप योजनाहरु बनाउन मद्धत मिल्दछ ।

- भूस्वामित्वले महिला सशक्तिकरणको क्षेत्रमा पारेको प्रभाव अध्ययन गर्ने ।

# सन्दर्भसुचि (REFERENCES)


अधिकारी, लिला (२०६५) **महिला सशक्तीकरण एंवम् निर्णय प्रकृयामा महिलाहरुको भुमिका,** अप्रकाशित शोधपत्र, समाजशास्त्र विभाग, भरतपुर विरेन्द्र बहुमुखी क्यम्पस ।

उप्रेती, अरुणा (२०५३) **महिलालाई सम्पती दिनु हुँदैन,** काठमाण्डौं, कान्तिपुर दैनिक १० चैत्र ।

कानुन किताब व्यवस्था समिति (२०६३), **नेपालको अन्तरिम संविधान २०६३** काठमाण्डौं, कानुन किताव व्यवस्थापन समिति ।

केन्द्रिय तथ्याङ्क विभाग (२०६३), **तथ्याङ्क गतिविधि २०६२।०६३** चितवन शाखा तथ्याङ्क कार्यालय ।

गा.वि.स. वछौली (२०७१), **गा.वि.स प्रोफाईल** चितवन गा.वि.स बछौली ।

जि.वि.स. (२०६८), **जि.वि.स. प्रोफाईल** चितवन जिल्ला विकास समिति ।

जनगणना २०६८, **राष्ट्रिय योजना आयोग २०६७,** संयुक्त राष्ट्र संघ २००७ ।

धिताल रामेश चन्द्र (२०५८), **महिला सशक्तीकरण र सम्पतीमा साझा स्वामित्व** भरतपुर चितवन, अप्रकाशित शोधपत्र समाजशास्त्र विभाग त्रिचन्द्र क्याम्पस काठकाण्डौं ।

नेपालको अन्तरिम संविधान (२०६३), **कानुन किताब धिताल लैङ्गिक समानता र महिला सशक्तीकरण** ।

पाठक, प्रतापकुमार (२०५९), **महिला शिक्षा भक्तपुर,** शिक्षा विभाग, महिला शिक्षा शाखा ।

पाण्डे, कमला (२०६२), **महिला सशक्तीकरण र लैङ्गिक सवाल,** काठमाण्डौं सेडा ।

पौडेल, भोजराज (२०६७), **नेपाली महिलाको अर्थिक अवस्था र अर्थतन्त्रमा योगदानको संक्षिप्त अध्ययन,** अप्रकाशित अध्ययन प्रतिवेदन काठमाण्डौं । राष्ट्रिय महिला आयोग

पौडेल, विशाल (२०६६), **महिला अधिकार र सशक्तिकरणको सन्दर्भमा लैङ्गिक सहभागिता** पोखरा, काठमाण्डौं राष्ट्रिय महिला आयोग

पौडेल, के.सी., (२०६३), **लैङ्गिक समविकास** शिक्षा भरतपुर, शिक्षा विभाग, लैङ्गिक समविकास शाखा ।

भण्डारी शुदर्शन (१९८१) **स्टाटस अफ ओमन,** पोखरा सेडा ।

महिला बालवालिका तथा समाज कल्याण मन्त्रालय (२०६७), **सशक्तीकरण** (वर्ष ०, अंक १ पोखरा) बालवालिका तथा समाज कल्याण मन्त्रालय ।

महिला बालवालिका तथा समाज कल्याण मन्त्रालय (२०६९), **वार्षिक प्रगति प्रतिवेदन २०६७।०६८** ललितपुर, महिला विकास विभाग ।

रेग्मी, सबिता (२०६६) **महिला मुक्ति तथा सशक्तीकरण** चितवन शिक्षा विभाग लैङ्गिक समविकास शाखा ।

राष्ट्रिय महिला आयोग (२०६५), **महिला अधिकार** काठमाण्डौं, राष्ट्रिय महिला आयोग ।

राष्ट्रिय महिला आयोग (२०६६), **महिला अधिकार** काठमाण्डौं, राष्ट्रिय महिला आयोग ।

राष्ट्रिय महिला आयोग (२०६७), **वार्षिक प्रतिवेदन २०६६।०६७** काठमाण्डौं, राष्ट्रिय महिला आयोग ।

राष्ट्रिय महिला आयोग (२०६६), **लैङ्गिक परिक्षण के, किन र कसरी** काठमाण्डौं, राष्ट्रिय महिला आयोग ।

राष्ट्रिय योजना आयोग (२०६७), **त्रिवर्षिय योजना २०६६।०६७, २०६९।०७० आधारपत्र** काठमाण्डौं, राष्ट्रिय योजना आयोग नेपाल सरकार ।

सेडा, नेपाल २०६३, **राजनितिक महिलाको क्षमता विकास,** भरतपुर सेडा नेपाल ।

संयुक्त राष्ट्र संघ (२००७), **विश्व खाद्य कार्यक्रम, यु.एस.ए.** संयूक्त राष्ट्र संघ ।

शर्मा, ममता (२०५८), **महिला अधिकार क्षेत्रका उपलब्धी,** काठमाण्डौं अन्नपूर्ण पोष्ट दैनिक, १५ श्रावण ।

Bennett, L (1993), **Dangerous wives and sacred sisters,** New York : Clumbia University.

Bhasin(1992), **Education for women's empowerment some reflection,** Kathmandu C.E.D.A

Biraula, Bharat (1997), **A situation Analysis of Sex Work and Trafficking in Nepal with Reference to Children.** Pulchowk: New ERA TO UNICEF.nh

CBS chaudhary Nelson (1994), **plotical participation of women in Nepal in women and politics world wide,** New Haven U.S.A. Yale University Press

CBS (2012), **some statistical facts on Neplese women** Kathmandu.

CERID (1986b), **Education of Girls and women in Nepal,** Kathmandu, Tribhuvan University.

Chaudhari, Nelson (1994), **Political participation of women in Nepal in Women and politics worldwide,** New Haven U.S.A. Yale University press.

Niraula, Bharat (1997, **A Situation Analysis of Sex work and Trafficking in Nepal with reference to children.** Pulchowk:New ERA to UNICEF.

UNDP (1995), **Human Development Report 1995,** USA: New York.

## अनुसुचि १

## नमुना छनौटमा परेका महिलाहरुको लागि प्रश्नावली

उत्तरदाताको नाम : मिति :

उमेर : जिल्ला :

लिङ्ग : गा.वि.स./न.पा.:

बैवाहिक स्थिति : वडा नं. :

शिक्षा : टोल

पेशा : धर्म

१) पारिवारिक विवरण दिनुहोस ।

| क्र.सं. | नाम | मुख्य सुचना दाता संग सम्बन्ध | उमेर | शिक्षा | पेशा | धर्म | वैवाहिक स्थिती | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

२) तपाईको मुख्य आम्दानीको स्रोत के हो ?

क) नोकरी ख) कृषि ग) व्यापार घ) अन्य

३) तपाईको मुख्य आम्दानीको स्रोतमा कति जना संलग्न हुनुहुन्छ ?

क) ख) ग)

४) तपाई घरको काम बाहेक अन्य केहि काम गर्नुहुन्छ ?

क) गर्छु के काम ..................................... ख) गर्दिन किन ..........................

५) तपाईको घरमा आर्थिक कारोबार कसले सञ्चालन गर्दछ ?

क) ........................................................................... ।

६) तपाईंको घर जग्गा कसको नाममा छ ?

क) ..........................................................................।

७) तपाईलाई दाईजो प्रथा कस्तो लाग्छ ?

क) ठिक ख) बेठिक ग) थाहा छैन

८) तपाईको घरमा पानीको स्रोत के हो ?

क) इनार ख) धारा ग) ट्युवेल

९) तपाई बेलुकि कति वजे सुत्नुहुन्छ र विहान कति वजे उठ्नुहुन्छ ?

क) सुत्ने समय ................................ ख) उठ्ने समय ............................

१०) तपाईले घरको काममा पुरुषको सहयोग कतिको पाउनु हुन्छ ?

क) पाँउछु ख) पाउँदिन ग) अलिअलि मात्र पउछु।

११) निम्न कामहरु कस्ले गर्छ ?

| क्रं. सं. | कामको विवरण | महिला | पुरुष | दुवै | समयतालिका | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | पानी ल्याउने | | | | | |
| २ | खाना पकाउने | | | | | |
| ३ | कपडा धुने | | | | | |
| ४ | घरको सरसफाई गर्ने | | | | | |
| ५ | गाई भैंसिको स्याहार गर्ने | | | | | |
| ६ | भाँडा माज्ने | | | | | |
| ७ | घाँस काट्ने | | | | | |
| ८ | किनमेल गर्ने | | | | | |
| ९ | विद्यालयमा छोरा छोरी पढाउने | | | | | |
| १० | खेतिवाली लगाउने | | | | | |
| ११ | पाहुनाको स्वागत सत्कार गर्ने | | | | | |
| १२ | गाउँमा छलफलमा सहभागी हुने। | | | | | |
| १३ | गाउँमा छलफलमा सहभागी हुने। | | | | | |
| १४ | ऋण लिने दिने | | | | | |

१२)   छोरा वा छोरी कस्लाई बढि महत्व दिनुहुन्छ ? किन ?

........................................................................................

१३)  घरको काममा छोरा या छोरी कस्ले सहयोग गर्दछ ?

............................................................................................

१४)  तपाईले विवाह कसरी गर्नुभयो ?

..........................................................................................

१५)  तपाई विवाह गर्दा कति वर्षको हुनुहुन्थ्यो ?

.............................................................................................

१६) तपाईको विचारमा विवाह कति वर्षमा गर्नु उत्तम हुन्छ ?

............................................................................................................

१७)  तपाई मासिक स्राव हुँदा छुट्टै वस्नु हुन्छ ?

.................................................................................................................

१८)  तपाईलाई पारिवार नियोजन सम्बन्धि  जानकारी छ ?

.........................................................................................................

१९) परिवार नियोजनको अस्थाई साधन प्रयोग गर्नु भएको छ ?

क) छ   ख) छैन

२०) अस्थाई साधनको प्रयोग कस्ले गर्नु भएको छ नि ?

क) आफैंले   ख)  श्रीमानले

२१) अस्थाई साधनको प्रयोग नगर्ने कारण के हो  ?

क) थाहा नभएर   ख) भन्भ्कट भएर   ग) अन्य

२२)  तपाई बिरामी हुँदा कहाँ जानुहुन्छ ?

क) डाक्टरकोमा   ख) वैद्यकोमा

२३) गर्भपतन गर्नु ठिक हो वा होईन ?

क) ठिक हो   ख) ठिक होइन   ग) थाहा छैन

२४) तपाईंको घरमा निम्न निर्णयहरु कस्ले गर्दछ ?

| क्र.सं. | कामको विवरण | निर्णय गर्ने | निर्णय नगर्ने | सल्लाह बाट निर्णय गर्ने | कैफियत |
|---|---|---|---|---|---|
| १ | बजारमा किनमेल गर्ने | | | | |
| २ | छोरा छोरीको विवाह गर्ने | | | | |
| ३ | घर जग्गा किनमेल गर्ने | | | | |
| ४ | छोरा छोरी कहाँ पढाउने | | | | |
| ५ | ऋण लिने दिने | | | | |
| ६ | धितोमा ऋण लिने | | | | |

२५) तपाईले हाल महिलाको अवस्था कस्तो देख्नु भएको छ ?

.............................................................................................................

२६) तपाईलाई महिला सशक्तीकरण बारे के थाहा छ ?

.............................................................................................................

२७) महिला सशक्तिकरणले आर्थिक विकासमा के कस्तो प्रभाव पार्ला ?

क) राम्रो प्रभाव पार्छ ख) खराव प्रभाव पार्छ ग) पहिला जस्तै हुन्छ ।

२८) महिला सशक्तीकरण सम्बन्धी सहयोग गर्न सरकारले के गर्दैछ ? केहि थाहा छ ?

क) थाहा छ ख) थाहा छैन ग) अलि अलि थाहा छ ।

२९) समाजमा महिलामाथि हुने गरेको शोषणको प्रभाव कस्तो छ ?

क) शोषण अन्त्य भएको छ ख) शोषण भैरहेको छ । ग) कुनै परिवर्तन छैन

३०) तपाईको विचारमा महिला सशक्तिकरणमा सुधार गर्न के के गर्नुपर्ला ?

........................................................................................................

३१) तपाईको परिवारको वार्षिक आय कति हुन्छ ?

| क्र.सं. | शिर्षक | आय रु मा |
|---|---|---|
| १ | कृषि बाट | |
| २ | नोकरीबाट | |
| ३ | व्यापारबाट | |
| ४ | अन्य | |

३२) तपाईले निम्न शिर्षकमा वार्षिक कति खर्च गर्नु हुन्छ ?

| क्र.सं. | विवरण | खर्च रु मा |
|---|---|---|
| १ | खाद्यान्नमा | |
| २ | लुगाफाटामा | |
| ३ | शिक्षा | |
| ४ | स्वास्थ्य | |

३३) तपाईलाई घरबाट उपभोक्ता समितिमा बस्न अवरोध छ कि छैन ?

.................................................................................................................................

३४) तपाई अहिले कुनै राजनैतिक नेतृत्वमा हुनुहुन्छ ?

.................................................................................................................................

३५) तपाईले यसभन्दा अघि कुनै चुनावमा उम्मेद्वारी दिनु भएको छ ?

.................................................................................................................................